
IslamHouse.com

مركز أصول
Osoul Center
www.osoulcenter.com

Rabwah



# इस्लामी आस्थाका केही अध्यायहरु


लेखक
अब्दुल् अजीज बिन मर्जूक अत्तरीफी

अनुवादक
अहमद भण्डारी

संशोधक
मुश्ताक मदनी


नेपाली
Nepali
نيبالي

# فصول في العقيدة

## (الرسالة الشامية)

المؤلف

**عبد العزيز بن مرزوق الطريفي**

الترجمة

أحمد بهنداري

المراجعة

مشتاق مدني

नेपाली

Nepali

نيبالي

Osoul Center
www.osoulcenter.com

This book has been conceived, prepared and designed by the Usool International Centre. All photos used in the book belong to the Usool Centre. The Centre hereby permits all Sunni Muslims to reprint and publish the book in any method and format on condition that 1) acknowledgement of the Usool Centre is clearly stated on all editions; and 2) no alteration or amendment of the text is introduced without reference to the Usool Centre. In the case of reprinting this book, the Centre strongly recommends maintaining high quality.

+966 504 442 532
+966 11 445 4900
+966 11 497 0126
P.O.BOX 29465 Riyadh 11457
osoul@rabwah.com
www.osoulcenter.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा
सुरक्षित छ।

# विषय सूची


| | |
|---|---|
| भूमिका | 09 |
| अनुवादकीय | 13 |
| अध्याय - १ इस्लाम सर्वोत्कृष्ट धर्म हो | 15 |
| अध्याय – २ इस्लामको व्याख्याको भरपर्दो श्रोत र साधन | 21 |
| अध्याय – ३ भक्तमाथि अल्लाहको अधिकार | 25 |
| अध्याय – ४ ईमान र कुफ्रको बयान | 29 |
| अध्याय – ५ ईमानको परिभाषा | 37 |
| अध्याय – ६ अल्लाहको अस्मा र सिफातहरूको बारेमा | 43 |
| अध्याय – ७ कुर्आन अल्लाहको वाणी हो | 49 |
| अध्याय – ८ मानव विवेक र अल्लाहको वाणी | 55 |
| अध्याय – ९ इस्लामी शरीअत (कानुन) | 59 |
| अध्याय – १० भाग्यमाथि आस्था राख्नु | 65 |
| अध्याय – ११ मृत्यु अकाट्य सत्य हो | 69 |
| अध्याय – १२ तत्कालिन इमाम र शासकको अनुसरण | 73 |
| अध्याय – १३ जिहाद (धर्मयुद्ध) | 77 |
| अध्याय – १४ सहाबा रजिअल्लाहु अन्हुम | 81 |
| अध्याय – १५ बिना प्रमाण कुफ्रको फतवा लगाउने सम्बन्धमा | 87 |
| अध्याय – १६ हुर्रियत (स्वतन्त्रता) | 89 |

# भूमिका
# अत्यन्तै करुणमयी, परम दयालु अल्लाहको नामबाट शुरु गर्दछु ।

सबै किसिमका प्रशंसाहरू अल्लाहकै लागि छन् । अल्लाहको तर्फबाट असीम कृपा र शान्ति होस् अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि ।

सिरियाका केही साथीहरूले मलाई कयामत (महाँप्रलय) को दिन भक्तसित सोधिने अल्लाह तआलाको अधिकार के हो? भन्ने प्रश्नको उत्तर लेख्न आग्रह गरे । त्यो अधिकार जसको वसीयत (आज्ञा) अल्लाहले नूह अलैहिस्सलाम र उहाँ पछि आउने सबै सन्देष्टाहरूलाई गर्नुभएको थियो । अल्लाह तआलाले भन्नुभएको छ:

﴿شَرَعَ لَكُم مِّنَ ٱلدِّينِ مَا وَصَّىٰ بِهِۦ نُوحًا وَٱلَّذِىٓ أَوْحَيْنَآ إِلَيْكَ وَمَا وَصَّيْنَا بِهِۦٓ إِبْرَٰهِيمَ وَمُوسَىٰ وَعِيسَىٰٓ ۖ أَنْ أَقِيمُوا۟ ٱلدِّينَ وَلَا تَتَفَرَّقُوا۟ فِيهِ﴾ [الشورى: ١٣]

अर्थः “अल्लाहले तिमीहरूको लागि त्यही दीन (धर्म) निश्चित गर्नुभएको छ, जसलाई अपनाउन नूह (अलैहिस्सलाम) लाई आदेश दिनुभएको थियो र जसलाई (ए मुहम्मद !) हामीले तिमीतिर वहीको माध्यमले पठाएका छौं । अनि जसको बारेमा इब्राहीम, मूसा र ईसा (अलैहिमुस्सलाम) लाई पनि आदेश दिएका थियौं, कि यस धर्मलाई कायम राख्नु र उसको विषयमा विभाजित नहुनु । (सूरतुश्शूरा ४२:१३)

अत्याधिकको इच्छा-आकांक्षाले गर्दा मानिसको मनमा एक प्रकारको गलत चाहनाको जन्म हुन्छ । जब मानिसहरू आफ्नो धारणा र विचार स्थापित गर्न लाग्छन् त त्यसैबाट विभिन्न गुटबन्दी अथवा फिर्काहरू बन्छन् ।

जब मानिसहरूमा अरबी भाषाको समझ र ज्ञान कम हुँदै गयो, तब मनोआकांक्षाका पूजारीहरुलाई अपव्याख्या र शंकाको माध्यमलाई आधार बनाई मानिसहरुलाई आफ्नो कुरामा सहमत गराउन अनि कुरआन र हदीसहरूबाट आफ्नो मर्जी अनुसार आदेशहरूलाई उचित बनाएर पेश गर्न सजिलो भयो। जब शुरुका जमाअतले यस्तो गर्न सके त त्यसभन्दा पछि बनेका जमाअतहरूको लागि त झनै सजिलो भयो। किनकि शंका वास्तवमै गुटबन्दी तथा फुटको माध्यम हो। यसैबाट विभिन्न मत तथा मजहबले जन्म लिन्छन्, अनि मानिसहरू त्यसैको अनुसरण गर्न थाल्छन्। त्यस पश्चात आउनेवाला पिंढीले त्यसैलाई सहर्ष स्वीकार गर्दछन् अनि उनीहरू पहिलेको वास्तविकताबाट पनि अनभिज्ञ हुन्छन्। उपरोक्त कुरालाई अल्लाहले कुर्आनमा यसरी चित्रण गर्नु भएको छ:

﴿أَفَكُلَّمَا جَآءَكُمۡ رَسُولُۢ بِمَا لَا تَهۡوَىٰٓ أَنفُسُكُمُ ٱسۡتَكۡبَرۡتُمۡ فَفَرِيقٗا كَذَّبۡتُمۡ وَفَرِيقٗا تَقۡتُلُونَ﴾

[البقرة: ٨٧]

अर्थः "परन्तु जहिले पनि तिम्रो पासमा रसूलले त्यो कुरा ल्याए, जुन तिम्रा विचारका विरुद्ध थिए त तिमीले तुरुन्त अभिमान गर्यौ। अनि केहीलाई तिमीले झुटा भन्यौ तथा केहीको हत्या गरिहाल्यौ। (सूरह अल्–बकरः ८७)

उपरोक्त आयतमा अल्लाह तआलाले मानव प्रवृतिको उल्लेख गर्नुभएको छ, जो घमण्डको रुप लियो फेरि झुटलाउने अनि दुश्मनीको रुप लियो।

अल्लाह तआलाले आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि आफ्नो आदेश (वाणी) अवतरित गर्नुभयो। जसले यस आदेशलाई स्वच्छ र असलीरुपमा प्राप्त गर्न चाहन्छ, उसले यसलाई यसको शुरुवाती आधार अथवा अल्लाहद्वारा अवतरित असली माध्यमबाट हासिल गरोस्। त्यसबाट हासिल नगरोस् जसलाई मानव विवेक र बनावटी कुराहरूले प्रदुषित गरेको छ। किनकि वही (ईश्वरय सन्देश) पानी जस्तो हो र विवेक भाँडो जस्तो। अल्लाहले वही



अवतरित गरेर त्यसलाई आफ्नो सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको हृदयमा राखिदिनुभयो। फेरि सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले त्यसलाई आफ्ना साथीहरू (सहाबाहरू) लाई बताउनुभयो अथवा उनीहरूको पासमा छोड्नुभयो अनि सहाबाहरूले त्यसलाई ताबेइन (आफ्ना शिष्य) हरूसम्म पुर्याए।

जसरी नयाँ–नयाँ भाँडाहरू बढदै गए, त्यस्तै मयल (मिलावट) को बढोत्तरी हुँदै गयो। अतः ती सबैमध्ये शुद्ध र स्वच्छ पात्र (सही र सफा भाँडो) मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम हुनुहुन्छ, त्यसपछि उहाँका साथीहरू हुन्। अबू मूसा अशअरी रजिअल्लाहु अन्हुद्वारा रिवायत छ कि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

**«أَنَا أَمَنَةٌ لأَصْحَابِي؛ فَإِذَا ذَهَبْتُ، أَتَى أَصْحَابِي مَا يُوْعَدُونَ، وَأَصْحَابِي أَمَنَةٌ لأُمَّتِي، فَإِذَا ذَهَبَ أَصْحَابِي، أَتَى أُمَّتِي مَا يُوْعَدُونَ»**. (رواه مسلم برقم: ٢٥٣١).

अर्थः "म आफ्ना साथी (सहाबा) हरूको लागि अमानत हुँ, जब म जानेछु त मेरा सहाबाहरूमाथि ती फित्नाहरू आउनेछन् जसको वादा उनीहरूसँग गरिएको छ। मेरा सहाबाहरू मेरो उम्मत (अनुयायी) को लागि अमानत हुन्, जब उनीहरू (यस धरतीबाट) जानेछन् त उनीहरू पश्चातकाहरू माथि ती फित्नाहरू आउनेछन् जसको वादा उनीहरूसँग गरिएको छ।" (मुस्लिमः २५३१)

त्यसैले दीन (धर्म) को कुरा कुरआन र सुन्नत बाहेक अन्य कहींबाट लिनु उचित छैन। जस्तै– अल्लाह तआलाले भन्नुभएको छ:

﴿هُوَ ٱلَّذِي بَعَثَ فِي ٱلۡأُمِّيِّـۧنَ رَسُولٗا مِّنۡهُمۡ يَتۡلُواْ عَلَيۡهِمۡ ءَايَٰتِهِۦ وَيُزَكِّيهِمۡ وَيُعَلِّمُهُمُ ٱلۡكِتَٰبَ وَٱلۡحِكۡمَةَ﴾ [الجمعة: ٢]

अर्थः "उहाँ (अल्लाह) ले नै उम्मी (अनपढ) समुदायमा तिनीहरूमध्येबाट एउटा रसूल पठाउनु भयो। जसले उनीहरूलाई अल्लाहका आयतहरू पढेर सुनाउँछन् र उनीहरूलाई पवित्र गर्छन्। अनि उनीहरूलाई किताब (कुरआन र सुन्नत) सिकाउँछन्।" (सूरह अल्–जुमुअः २)

त्यसैले दीन (धर्म) को बारेमा प्रत्येक ती ज्ञानहरू जो यी दुबै बाहेक अन्यत्रबाट लिइन्छन् ती मुर्खतापूर्ण कामहरु हुन् र अस्वीकार्य छन् ।

वही (अल्लाहको वाणी) लाई सबैभन्दा राम्रोसँग सम्झने र आफ्नो जीवनमा कार्यान्वयन गर्ने सहाबाहरू हुन् । हामीहरू तिनै कुराहरुको चर्चा गर्नेछौं जुन कुरालाई वही (अल्लाहको वाणी) ले प्रमाणित गर्दछ र सहाबाहरू रजिअल्लाहु अन्हुम्को समझको आधारमा सहमती छ अनि जुन कुरामा मुस्लिम समुदायका उत्तम समयका मानिसहरूको सहमती छ । अतः म अल्लाहमाथि भरोसा गर्दै र उहाँसँगै सहायताको दुआ गर्दै कलम चलाउँदै छु ।

अब्दुलअजीज बिन मर्जूक अत्तरीफी



# अनुवादकीय

समस्त प्रकारका प्रशंसाहरू अल्लाह तआलाकै लागि छन्, अल्लाहको तर्फबाट अनगिन्ती दरूद र सलामती होस् अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि ।

यो किताब "इस्लामी आस्थाका केही अध्यायहरू" अब्दुल अजीज बिन मर्जूक अत्तरीफीद्वारा लिखित "فصول في العقيدة" फुसूल फी अकीदा नामको किताबको अनुवाद हो । यस किताबमा लेखक महोदयले अल्लाह तआलाले मानिसहरूलाई सृष्टि गर्नुको उद्देश्य, मानिसहरूको मार्गदर्शनको लागि अल्लाहका सन्देष्टाहरूको आगमन, सबै सन्देष्टाहरूले ल्याएको मुख्य सिद्धान्त, मानिसहरू पथभ्रष्ट हुनुको कारण, कसरी विभिन्न किसिमका गुट (फिर्का) हरू बने र बन्ने गर्छन्, धर्ममा बिगाड हुनुको कारण अनि त्यसको परिणाम आदि कुराहरू स्पष्टरुपले सम्झाउने कोसिस गर्नुभएको छ । साथ–साथै अल्लाहको अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमको अनुसरण र अल्लाहको आज्ञाको पालन कसरी गर्न सकिन्छ अनि कुनै व्यक्ति कसरी इस्लामलाई सम्झन र त्यस अनुसार चल्न सक्छ? आदि कुराहरूको पनि चर्चा गर्नुभएको छ ।

अल्लाहको कृपा र सहयोगको आशा राख्दै यस किताबलाई अनुवाद गर्ने आँट गरे । यसमा कति सफल हुन सकेको छु त्यो कुरा त पाठक तथा बुद्धिजिवी वर्गहरूले नै बताउनु हुनेछ । किताब अनुवाद गर्दा अरबी भाषाको अधुरो ज्ञानको कारणले गर्दा मैले "मौलाना जाकिर हुसैन मदनी" ज्युको हिन्दी अनुवाद र "मौलाना कुतुबुल्लाह असरी" ज्युको उर्दु अनुवादबाट मद्दत लिएको छु । त्यसैले उहाँहरू दुबै यस

अनुवादको कार्यमा सहयोगको लागि धन्याबादको पात्र हुनुहुन्छ । साथै यस किताबको पुर्नविचारक तथा भाषिक शुद्धिकरण गरिदिनु हुने मुश्ताक मदनी ज्युलाई पनि हृदयदेखि नै धन्यावाद दिन चाहन्छु। अल्लाहले उहाँहरूलाई यस लोक र परलोकमा उत्तम प्रतिफल प्रदान गरुन् । किताबहरूको अनुवाद गर्नु त्यति सजिलो काम होइन त्यसैले यस अनुवादमा त्रुटीहरू नहोलान् भन्न सर्किदैन । जो पनि गल्ती तथा त्रुटीहरू भएका छन्, ती सबै मेरो ज्ञानको कमीले हो । तसर्थ यसमा भएका त्रुटीहरूलाई औंल्याइ मलाई जानकारी दिनुहुन सम्पूर्ण बुद्धिजिवी र पाठकवर्गहरूसँग अनुरोध गर्दछु ।

अन्त्यमा सर्वलोकको पालनकर्ता अल्लाहसँग प्रार्थना गर्दछु कि मेरो यस सानो कार्यलाई स्वीकार गरी यसको उत्तम प्रतिफल देउन् । मेरा वृद्ध बुवा आमा, भाईहरू, दिदी बहिनीहरू, अनि आफन्तहरूलाई इस्लामको समझ दिई सत्य मार्गतर्फ मार्गदर्शन गरुन् साथै यस किताबबाट सम्पूर्ण नेपाली भाषीहरूलाई मार्गदर्शन गरुन् । आमीन .....

अहमद भण्डारी "बोधि"



# बिस्मिल्लाहिर्रहमानिर्रहीम
# अध्यायः– १
# इस्लाम सर्वोत्कृष्ट धर्म हो

अल्लाहले आफ्नो भक्तहरूका लागि रोज्नुभएको सर्वोत्कृष्ट धर्म इस्लाम हो । उहाँले इस्लाम बाहेक अन्य कुनै धर्मलाई कदापि स्वीकार गर्नुहुन्न भनेर कुर्आनमा घोषणा गर्नुभएको छ । चाहे त्यो मानवहरूमध्येको होस् या जिन्नातहरूमध्येको । किनकि इस्लाम भनेको बिना शर्त अल्लाहप्रतिको समर्पण हो ।

अल्लाह तआलाले भन्नुभएको छ:

﴿ وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِى ٱلْءَاخِرَةِ مِنَ ٱلْخَٰسِرِينَ ﴾ [آل عمران: ٨٥]

अर्थः जसले इस्लाम बाहेक कुनै अन्य धर्मलाई आत्मसात गर्छ, अल्लाहले त्यसलाई कदापि स्वीकार गर्नुहुन्न र ऊ मृत्यु पश्चातको जीवनमा क्षतिग्रस्त हुनेछ ।" (सूरह आले इम्रान: ८५)

अर्को ठाउँमा अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّ ٱلدِّينَ عِندَ ٱللَّهِ ٱلْإِسْلَٰمُ ﴾ [آل عمران: ١٩]

अर्थः "अल्लाहको दृष्टिमा धर्म भनेको इस्लाम नै हो ।" (सूरह आले इम्रान: १९)

इस्लाम सबै अम्बिया (सन्देष्टा) हरूको धर्म हो । यसको प्रमाण हामीलाई अल्लाह तआलाको वाणीबाटै मिल्छ । भन्नुभएको छः

﴿وَمَآ أَرْسَلْنَا مِن قَبْلِكَ مِن رَّسُولٍ إِلَّا نُوحِىٓ إِلَيْهِ أَنَّهُۥ لَآ إِلَٰهَ إِلَّآ أَنَا۠ فَٱعْبُدُونِ ﴾ [الأنبياء: ٢٥]

अर्थः हामीले तिमीभन्दा पहिले जति सन्देष्टाहरू पठायौं, तिनीहरू

तिर यही (इश्वरीय) सन्देश पठायौं कि म बाहेक कोही सत्य पूज्य छैन, तसर्थ तिमीहरू सबै मेरो उपासना गर ।" (सूरह अल्–अम्बिया: २५)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿إِنَّآ أَوۡحَيۡنَآ إِلَيۡكَ كَمَآ أَوۡحَيۡنَآ إِلَىٰ نُوحٖ وَٱلنَّبِيِّـۧنَ مِنۢ بَعۡدِهِۦۚ وَأَوۡحَيۡنَآ إِلَىٰٓ إِبۡرَٰهِيمَ وَإِسۡمَٰعِيلَ وَإِسۡحَٰقَ وَيَعۡقُوبَ وَٱلۡأَسۡبَاطِ وَعِيسَىٰ وَأَيُّوبَ وَيُونُسَ وَهَٰرُونَ وَسُلَيۡمَٰنَۚ وَءَاتَيۡنَا دَاوُۥدَ زَبُورٗا ١٦٣ وَرُسُلٗا قَدۡ قَصَصۡنَٰهُمۡ عَلَيۡكَ مِن قَبۡلُ وَرُسُلٗا لَّمۡ نَقۡصُصۡهُمۡ عَلَيۡكَۚ وَكَلَّمَ ٱللَّهُ مُوسَىٰ تَكۡلِيمٗا ١٦٤ رُّسُلٗا مُّبَشِّرِينَ وَمُنذِرِينَ لِئَلَّا يَكُونَ لِلنَّاسِ عَلَى ٱللَّهِ حُجَّةُۢ بَعۡدَ ٱلرُّسُلِۚ وَكَانَ ٱللَّهُ عَزِيزًا حَكِيمٗا﴾ [النساء: ١٦٣ - ١٦٥]

अर्थः "(हे मुहम्मद) ! निःसन्देह हामीले तिमीतिर त्यसतै प्रकारले वही (प्रकाशना) पठाएका छौं, जसरी कि नूह र उनीभन्दा पछिका सन्देष्टाहरू, इब्राहीम, इस्माईल, इस्हाक, याकूब र उनका सन्तानहरूमाथि तथा ईशा, अय्यूब, यूनुस, हारून अनि सुलैमान (अलैहिमुस्सलाम) तर्फ पठाएका थियौं र हामीले दाऊद (अलैहिस्सलाम) लाई "जबूर" प्रदान गर्यौं । अनि धेरै सन्देष्टाहरू यस्ता छन् जसको बारेमा हामीले तिमीसित यसभन्दा अघि नै भनिसकेका छौं र धेरै यस्ता छन्, जसको सम्बन्धमा तिमीलाई केही भनेका छैनौं अनि मूसा (अलैहिस्सलाम) सँग प्रत्यक्ष कुरा पनि गर्यौं। (हामीले) उनीहरूलाई रसूल बनायौं अनि शुभ–सूचक र सचेतक, ताकि मानिसहरूलाई अल्लाहमाथि दोष लगाउने अनि विवाद गर्ने मौका नमिलोस् र अल्लाह सर्वशक्तिमान एवं अत्यन्तै तत्वदर्शी हुनुहुन्छ । (सूरह अन्–निसा: १६३-१६५)

अल्लाह तआलाले आफ्ना सन्देष्टाहरूः नूह, इब्राहीम, इस्हाक, याकूब, दाऊद, सुलैमान, अय्यूब, यूसुफ, मूसा, हारून, जकरीया, यह्या, ईसा, इल्यास, इस्माईल, यसअ, यूनुस, लूत (अलैहिमुस्सलाम) को चर्चा गरे पश्चात भन्नुभएको छ:

﴿أُوْلَٰٓئِكَ ٱلَّذِينَ هَدَى ٱللَّهُۖ فَبِهُدَىٰهُمُ ٱقۡتَدِهۡ﴾ [الأنعام: ٩٠]

अर्थः "यी त्यसता मानिसहरू थिए जसलाई अल्लाहले सही बाटो



देखाउनु भएको थियो, तसर्थ तिनैका उपदेशको अनुयायी बन ।" (सूरह अल्–अन्आम: ९०)

शैद्धान्तिक रुपले सबै सन्देष्टाहरूको धर्म एउटै हो । केही उपनियम अथवा व्यवहारिक मामिला बाहेक मुख्य नियम र शिद्धान्तमा सबै एकमत छन् । धर्ममा मात्र केही उपनियमहरू बदलिन्छन् तर शिद्धान्त कहिल्यै पनि बदलिंदैन । इसराईलका सन्तानहरूमा अल्लाहले ईसा (अलैहिस्सलम) माथि अवतरित किताब "इन्जील" मा केही आदेशहरू मात्र मन्सूख (रद्द) गर्नुभयो जो मूसा (अलैहिस्सलाम) माथि अवतरित किताब "तौरात" मा थिए । जसको नकल गर्दै अल्लाह तआलाले कुरआनमा भन्नुभएको छ; ईसाले आफ्नो समुदायसँग भने:

﴿وَمُصَدِّقٗا لِّمَا بَيۡنَ يَدَيَّ مِنَ ٱلتَّوۡرَىٰةِ وَلِأُحِلَّ لَكُم بَعۡضَ ٱلَّذِي حُرِّمَ عَلَيۡكُمۡۚ وَجِئۡتُكُم بِـَٔايَةٖ مِّن رَّبِّكُمۡ فَٱتَّقُواْ ٱللَّهَ وَأَطِيعُونِ﴾ [آل عمران: ٥٠]

अर्थः "म भन्दा पहिलेको (किताब) तौरेतको पुष्टि गर्न अनि तिमीहरूको निम्ति अवैध गरिएका केही वस्तुहरूलाई वैध गर्न र तिमीहरूको पालनकर्ताको तर्फबाट तिमीहरूको लागि निशानी लिएर म आएको छु, त्यसैले तिमीहरू अल्लाहसित डराऊ र मेरो अनुसरण गर । (सूरह आले–इम्रानः ५०)

मूसा र ईसा (अलैहिमुस्सलाम) यस्ता दुई नबी (सन्देष्टा) हरू हुन् जो एउटै समुदायमा पठाइएका थिए, तब पनि विभिन्न मामिलाहरू (उपनियमहरू) मा उनका अनुयायीहरू मतभेदको शिकार भए । त अलग-अलग समुदायमा पठाईएका सन्देष्टाहरूको विधानमा उनका समुदायहरू कसरी मतभेदको शिकार नहोउन् ।

त्यसकारण कुनै पनि ईशग्रन्थ लिखित रुपमा बिना हेरफेर जस्ताको तस्तै बच्न सकेन । यसको प्रमाण अल्लाह तआलाले कुरआनमा यसरी दिनुभएको छ:

﴿وَإِنَّ مِنۡهُمۡ لَفَرِيقٗا يَلۡوُۥنَ أَلۡسِنَتَهُم بِٱلۡكِتَٰبِ لِتَحۡسَبُوهُ مِنَ ٱلۡكِتَٰبِ وَمَا هُوَ مِنَ ٱلۡكِتَٰبِ وَيَقُولُونَ هُوَ مِنۡ عِندِ ٱللَّهِ وَمَا هُوَ مِنۡ عِندِ ٱللَّهِ وَيَقُولُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَ وَهُمۡ يَعۡلَمُونَ﴾ [آل عمران: ٧٨]

अर्थः "अवश्य उनीहरूमध्ये एउटा समूह यस्तो पनि छ जो किताब पढ्दा आफ्ना जिब्रो बटारेर पढ्छ, ताकि तिमीलाई आभाष होस् कि यिनीहरूले अवतरित किताब पढीरहेका छन्, तर वास्तवमा त्यो किताबबाट हुँदैन र यो पनि भन्ने गर्दछन् कि त्यो अल्लाहको तर्फबाट उतारिएको हो, तर त्यो अल्लाहबाट उतारिएको होइन र उनीहरूले त जानी जानी अल्लाहमाथि झुटो आरोप लगाउँछन् ।" (सूरह आले इम्रानः७८)

अल्लाह तआला भन्नुभएको छ:

﴿يُحَرِّفُونَ ٱلْكَلِمَ عَن مَّوَاضِعِهِۦ﴾ [النساء: ٤٦]

अर्थः "ती (यहूदीहरू) आयातको ठीक ठाउँबाट परिवर्तन गरिदिन्छन् ।" (सूरह अन–निसा: ४६)

अल्लाह तआलाले मानिसहरूलाई सच्चाईको ज्योतीद्वारा मार्गदर्शन गर्न चाहनुहुन्छ तर साधारण मानिसहरू र सच्चाईको बिच हेरफेर बाधक बन्यो । त्यसपछि नयाँ नबुवत (दुतत्व) बाहेक सुधार र सच्चाईको स्थापनाको लागि कुनै बाटो नै बचेन, अन्त्यमा अल्लाह तआलाले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को दुतत्वको माध्यमबाट आफ्नो सत्य धर्म (इस्लाम) को पुनस्थापना गर्नुभयो । यसलाई विश्वव्यापी धर्म घोषित गर्नुभयो । भन्नुभएको छ:

﴿وَمَن يَبْتَغِ غَيْرَ ٱلْإِسْلَٰمِ دِينًا فَلَن يُقْبَلَ مِنْهُ وَهُوَ فِي ٱلْءَاخِرَةِ مِنَ ٱلْخَٰسِرِينَ﴾ [آل عمران: ٨٥]

अर्थः "जसले इस्लाम बाहेक कुनै अन्य धर्मलाई आत्मसात गर्छ, अल्लाहले त्यसलाई कदापि स्वीकार गर्नुहुन्न र ऊ मृत्यु पश्चातको जीवनमा क्षतिग्रस्त हुनेछ ।" (सूरह आले इम्रान: ८५)

अनि अल्लाह तआलाले मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को रिसालत (सन्देश) लाई विश्वकै सम्पूर्ण समुदायको लागि अनिवार्य पनि गरिदिनुभयो । चाहे त्यो मानव होस् या जिन्नात होस्, अरबी



होस् या अरब बाहिरको बासिन्दा होस् । यसको प्रमाण कुर्आनमा अल्लाह तआलाले यसरी दिनुभएको छ:

﴿وَمَآ أَرْسَلْنَٰكَ إِلَّا كَآفَّةً لِّلنَّاسِ بَشِيرًا وَنَذِيرًا﴾ [سبأ: ٢٨]

अर्थः "ए मुहम्मद ! हामीले तिमीलाई सबै मानिसहरूको लागि शुभ-सूचक र सचेतक बनाएर पठाएका छौं ।" (सूरह अल्–सबा: २८)

सहीह मुस्लिममा अबू हुरैरा रजिअल्लाहु अन्होद्वारा बयान छ: अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो –

«وَالَّذِي نَفْسُ مُحَمَّدٍ بِيَدِهِ، لا يَسْمَعُ بِي أَحَدٌ مِنْ هَذِهِ الأُمَّةِ يَهُودِيٌّ، وَلا نَصْرَانِيٌّ، ثُمَّ يَمُوتُ وَلَمْ يُؤْمِنْ بِالَّذِي أُرْسِلْتُ بِهِ، إِلا كَانَ مِنْ أَصْحَابِ النَّارِ». (مسلم: ١٥٣)

अर्थः त्यस जात (अल्लाह) को कसम जसको हातमा मुहम्मदको प्राण छ, त्यस उम्मतको कुनै पनि व्यक्ति चाहे त्यो यहूदी होस् या ईसाई मेरो बारेमा सुन्छ अनि मेरो शरीअत (विधान) मा ईमान नल्याइकन मर्छ भने त्यो नर्कबासी हो । (मुस्लिमः १५३)

अल्लाह तआलाले कुर्आनलाई फेरबदल र मिलावटबाट सुरक्षाको जिम्मा स्वयं लिनुभएको छ र भन्नुभएको छ:

﴿إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ﴾ [الحجر: ٩]

अर्थः "(निःसन्देह) हामीले नै यस कुर्आनलाई अवतरित गरेका छौं र हामी नै यसको संरक्षक हौं ।" (सूरह अल्–हिज्र: ९)

# अध्यायः– २
# इस्लामको व्याख्याको भरपर्दो श्रोत र साधन

इस्लामको व्याख्या अल्लाह तआलाले आफ्नो किताब (कुर्आन) मा र सन्देष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) ले आफ्नो सुन्नतमा गर्नुभएको छ । यी दुई श्रोत बाहेक कुनै अन्य श्रोतले इस्लामको व्याख्या गर्नु कदापि जायज छैन । किनभने मानिसहरूमा अल्लाहको सन्देष्टाभन्दा उच्च दर्जाको कोही पनि छैन । मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम आफ्नो पालनकर्ताको तर्फबाट एक प्रचारक हुनुहुन्थ्यो । अल्लाह तआलाले भन्नुभएको छ:

﴿يَٰٓأَيُّهَا ٱلرَّسُولُ بَلِّغۡ مَآ أُنزِلَ إِلَيۡكَ مِن رَّبِّكَ﴾ [المائدة: ٦٧]

अर्थः “ए सन्देष्टा ! अल्लाहले जुन सन्देश तिमीलाई प्रदान गर्नुभएको छ, त्यसलाई मानिसहरूसम्म पुर्याइदेऊ ।” (सूरह अल्–मायदा: ६७)

सन्देष्टाको जिम्मेवारी प्रचारको साथसाथै त्यसको स्पष्टरूपले बयान र पुष्टि गर्नु पनि हो । अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَمَا عَلَى ٱلرَّسُولِ إِلَّا ٱلۡبَلَٰغُ ٱلۡمُبِينُ﴾ [النور: ٥٤]

अर्थः “र रसूलको जिम्मादारी त स्पष्टरुपले (आदेशलाई) पुर्याइदिने सम्म मात्र हो ।” (सूरह अल्–नूर: ५४)

सन्देष्टाले गर्ने बयान र व्याख्या पनि अल्लाहको तर्फबाट नै हुन्छ भन्ने कुरा पनि अल्लाहले प्रष्ट पार्नुभएको छ ।

﴿فَإِذَا قَرَأۡنَٰهُ فَٱتَّبِعۡ قُرۡءَانَهُۥ ١٨ ثُمَّ إِنَّ عَلَيۡنَا بَيَانَهُۥ﴾ [القيامة: ١٨ – ١٩]

अर्थः “अतः जब हामीले त्यसलाई पढछौं, तब तिमीले त्यसको

अनुसरण गर । अनि त्यसलाई स्पष्ट गर्नु हाम्रो जिम्मामा छ ।” (सूरह अल्–कियामह: १८,१९)

रसूलको सुन्नत (हदीस) पनि अल्लाहको तर्फबाट पठाइएको वही (सन्देश) नै हो भन्ने कुरा पनि कुर्आनको यस आयतबाट प्रमाणित हुन्छ—

﴿وَمَا يَنطِقُ عَنِ ٱلْهَوَىٰٓ ۝٣ إِنْ هُوَ إِلَّا وَحْىٌ يُوحَىٰ﴾ [النجم: ٣ - ٤]

अर्थः “र उनी आफ्नो तर्फबाट केही पनि भन्दैनन् । त्यो त मात्र वही (सन्देश) हो जो उनीमाथि पठाइन्छ ।” (सूरह अल्–नज्म: ३,४)

त्यसैले जब मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) सित कुनै प्रश्न सोधिन्थ्यो र उहाँसित त्यस सम्बन्धमा अल्लाहको तर्फबाट जवाफ छ भने प्रश्नको उत्तर दिनुहुन्थ्यो नत्र वही (अल्लाहको आदेश) को प्रतिक्षा गर्नुहुन्थ्यो ।

कुर्आन र हदीसको अर्थ तथा व्याख्या सहाबाहरूको समझ अनुसार गर्नुपर्छ, किनभने उनीहरूको समझ र बुझ्ने शक्ति अरु मानिसको तुलनामा उत्कृष्ट छन् । उनीहरूको जानकारी र समझ कुर्आनको प्रमाण हो । यति हुँदाहुँदै पनि यदि कसैले यो भन्छ कि कोही व्यक्ति यस धर्ममा अल्लाह बाहेक शरीअत (विधान) मा हराम र हलाल गर्ने हैसियत राख्दछ या क्षमता राख्छ । त त्यसले अल्लाहको आदेशमा त्यस व्यक्तिलाई साझी बनायो । यस्तो आस्था राख्नु या भन्नु स्पष्ट शिर्क र कुफ्र हो यस विषयमा कसैको कुनै मतभेद छैन किनकि अल्लाहको अवज्ञा गर्नु कुफ्र हो र अल्लाहको कानुनमा अरूको कानुन मिलाउनु शिर्क हो ।

अल्लाह तआलाले आफ्नो किताबमा जुन आदेश अवतरित गर्नुभएको छ, त्यो उद्देश्यहीन र निरर्थक छैन, बरु त्यो अल्लाहको चाहनाको अनुसार अर्थयुक्त र उद्देश्य सहितको छ । अनि त्यसको अर्थ र उद्देश्य स्पष्टिकरण पनि उहाँ स्वयं नै बयान गर्नुहुन्छ या सृष्टिमध्ये जसलाई उहाँको तर्फबाट अनुमति प्राप्त छ उसले गर्नसक्छ ।



कुर्आनमा गहिरो अनुसन्धान र जानकारी भएका व्यक्तिहरूले यसलाई दुई शर्तहरूमा इस्तिम्बात (व्याख्या) गर्न सक्छन् ।

१. पहिलो शर्त: त्यो व्याख्या अरबी भाषा र यसको शैलीबाट बाहिर नहोस् ।

२. दोस्रो शर्त: त्यो कुर्आनको स्पष्ट अर्थको विरुद्ध नहोस् ।

अल्लाहसित गाँसिएका प्रत्येक कुराहरू अल्लाहको तर्फबाट हुँदैनन्। अहले किताब (यहूदी र ईसाई) अल्लाहको किताबमा मनमानी हेरफेर र अर्थ परिवर्तन गरेकोले पथभ्रष्ट भए । उनीहरूले अल्लाहको दृढ तथा स्पष्ट वाणीलाई तोड-मरोड गरेर पेश गरे ताकि उस्तै मिल्दा जुल्दा वाणीलाई बिगारियोस् अथवा अस्पष्टलाई नष्ट गरियोस् । यसै सन्दर्भमा अल्लाह तआलाले अहले किताबको बारेमा भन्नुभएको छ:

﴿وَإِنَّ مِنْهُمْ لَفَرِيقًا يَلْوُۥنَ أَلْسِنَتَهُم بِٱلْكِتَٰبِ لِتَحْسَبُوهُ مِنَ ٱلْكِتَٰبِ وَمَا هُوَ مِنَ ٱلْكِتَٰبِ وَيَقُولُونَ هُوَ مِنْ عِندِ ٱللَّهِ وَمَا هُوَ مِنْ عِندِ ٱللَّهِ وَيَقُولُونَ عَلَى ٱللَّهِ ٱلْكَذِبَ وَهُمْ يَعْلَمُونَ﴾ [آل عمران: ٧٨]

अर्थः “अवश्य उनीहरूमध्ये एउटा समूह यस्तो पनि छ जो किताब पढ्दा आफ्ना जिब्रो बटारेर पढ्छ, ताकि तिमीलाई आभाष होस् कि यिनीहरूले उतारिएको किताब पढीरहेका छन्, तर वास्तवमा त्यो किताबबाट हुँदैन र यो पनि भन्ने गर्दछन् कि त्यो अल्लाहको तर्फबाट उतारिएको हो, तर त्यो अल्लाहबाट उतारिएको होइन र उनीहरूले त जानी जानी अल्लाहमाथि झुटो आरोप लगाउँछन् ।” (सूरह आले इम्रान: ७८)

यस आयतमा अल्लाह तआलाले भन्नुभएको छ कि “किताब पढदा आफ्नो जिब्रोलाई मोडछ” अन्य कुरालाई होइन । “ताकि तिमी त्यस बदलिएको तथा जिब्रो बटारेर भनेको कुरालाई किताबको वास्तविक भाग सम्झ ।” परिणाम स्वरुप तिनले तिमीलाई नराम्रोसित पथभ्रष्ट गर्नसकुन् ।

# अध्यायः– ३
# भक्तमाथि अल्लाहको अधिकार

भक्तमाथि अल्लाहको अधिकार यो छ कि भक्तले सम्पूर्ण किसिमका उपासनाहरूलाई अल्लाहको लागि मात्र खास गरुन् । किनकि अल्लाह तआलाले भन्नुभएको छः

﴿وَإِلَٰهُكُمْ إِلَٰهٌ وَاحِدٌ لَّا إِلَٰهَ إِلَّا هُوَ الرَّحْمَٰنُ الرَّحِيمُ﴾ [البقرة: ١٦٣]

अर्थः "तिमीहरू सबैको पूज्य मात्र एउटै अल्लाह नै हुनुहुन्छ । उहाँ बाहेक कोही सत्य पूजनीय छैन । उहाँ अत्यन्तै दयालु र कृपालु हुनुहुन्छ।" (सूरह अल्–बकरहः १६३)

त्यसैगरि तन, मन र वचनद्वारा गरिने कुनै पनि कार्यमा अल्लाहको साथ अन्य कसैलाई साझी गराउनु जायज छैन । अल्लाहले भन्नुभएको छः

﴿وَاعْبُدُوا اللَّهَ وَلَا تُشْرِكُوا بِهِ شَيْئًا﴾ [النساء: ٣٦]

अर्थः "र तिमीहरू अल्लाहकै उपासना गर अनि उहाँको साथमा कसैलाई साझेदार नबनाऊ ।" (सूरह अन्–निसाः ३६)

अर्को कारण शिर्क अक्बर (ठूलो शिर्क) ले मानिसको सम्पूर्ण सत्कर्महरूलाई बरबाद गरिदिन्छ भन्ने कुरा स्वयं अल्लाहले भन्नुभएको छः

﴿وَلَقَدْ أُوحِيَ إِلَيْكَ وَإِلَى الَّذِينَ مِن قَبْلِكَ لَئِنْ أَشْرَكْتَ لَيَحْبَطَنَّ عَمَلُكَ وَلَتَكُونَنَّ مِنَ الْخَاسِرِينَ﴾ [الزمر: ٦٥]

अर्थः (ए मुहम्मद) ! निःसन्देह तिमीमाथि र तिमीभन्दा पहिलेका (सन्देष्टा) हरूमाथि प्रकाशना (ईशवाणी) पठाइएको थियो कि "यदि

तिमीले शिर्क गर्यौ भने तिमीले गरेका सम्पूर्ण कर्महरू व्यर्थ भइहाल्नेछन् र तिमी अवश्य घाटामा पर्नेहरू मध्येको हुनेछौ ।" (सूरह अल्–जुमर: ६५)

उपरोक्त आयतमा अल्लाहले आफ्नो नबी मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) लाई सम्बोधित गर्दै धम्की दिनुभएको छ । जसका बिगत, वर्तमान र भविष्यका सबै गल्तीहरू माफ भइसकेका छन् र कहिल्यै कुनै गल्ती गर्नुहुन्नथ्यो । त ती व्यक्तिहरूको के हाल होला जो पटक–पटक गल्ती गर्छन्?

अल्लाहले आफ्ना भक्तहरूको शिर्कलाई तबसम्म माफ गर्नुहुँदैन, जबसम्म उसले स्वच्छ मनले तौबा (प्रायश्चित) गर्दैन । अल्लाह तआलाले भन्नुभएको छ:

﴿إِنَّ ٱللَّهَ لَا يَغۡفِرُ أَن يُشۡرَكَ بِهِۦ وَيَغۡفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُ﴾ [النساء: ٤٨]

अर्थः "निःसन्देह अल्लाहले आफ्नो साथमा शिर्क गर्नेलाई कदापि माफ गर्नुहुन्न र त्यस बाहेक जसलाई चाहनुहुन्छ माफ गर्नुहुन्छ ।" (सूरह अन्–निसा: ४८)

त्यस्तै अर्को ठाउँमा भन्नुभएको छ:

﴿إِنَّ ٱلَّذِينَ كَفَرُواْ وَصَدُّواْ عَن سَبِيلِ ٱللَّهِ ثُمَّ مَاتُواْ وَهُمۡ كُفَّارٞ فَلَن يَغۡفِرَ ٱللَّهُ لَهُمۡ﴾ [محمد: ٣٤]

अर्थः "निश्चय नै जसले कुफ्र गरे र अल्लाहको मार्गबाट अरुलाई रोके र फेरी कुफ्रकै अवस्थामा मरे, (विश्वास गर) उनीहरूलाई अल्लाहले कहिल्यै क्षमा गर्नुहुनेछैन । (सूरह मुहम्मद: ३४)

जसको मृत्यु कुफ्रमा भयो त्यो नर्कवासी हो । अल्लाहले कुर्आनमा भन्नुभएको छ:

﴿وَمَن يَرۡتَدِدۡ مِنكُمۡ عَن دِينِهِۦ فَيَمُتۡ وَهُوَ كَافِرٞ فَأُوْلَٰٓئِكَ حَبِطَتۡ أَعۡمَٰلُهُمۡ فِي ٱلدُّنۡيَا وَٱلۡأٓخِرَةِۖ وَأُوْلَٰٓئِكَ أَصۡحَٰبُ ٱلنَّارِۖ هُمۡ فِيهَا خَٰلِدُونَ﴾ [البقرة: ٢١٧]

अर्थः "र तिमीहरूमध्ये जो व्यक्ति आफ्नो धर्म (इस्लाम) बाट विचलित भई अवज्ञाकारी (काफिर) बन्छ अनि सोही अवस्थामा



मर्दछ, त यस्ता मानिसहरूको सांसारिक र पारलौकिक सबै कर्महरू नष्ट भएर जानेछन् र यी मानिसहरू नर्कवासी हुनेछन् अनि त्यसैमा सदा–सदा रहिरहनेछन् ।" (सूरह अल्–बकरह: २१७)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿إِنَّ ٱلَّذِينَ كَفَرُواْ وَمَاتُواْ وَهُمۡ كُفَّارٌ أُوْلَٰٓئِكَ عَلَيۡهِمۡ لَعۡنَةُ ٱللَّهِ وَٱلۡمَلَٰٓئِكَةِ وَٱلنَّاسِ أَجۡمَعِينَ﴾ [البقرة: ١٦١]

अर्थः "निःसन्देह जो काफिर (अवज्ञाकारी) आफ्नो कुफ्रको अवस्थामा मर्दछ, त्यसता व्यक्तिमाथि अल्लाह, उहाँका फरिस्ताहरू र सबै मानिसहरूको धिक्कार हुनेछ ।" (सूरह अल्–बकरह: १६१)

कहिलेकाहीं काफिर (अवज्ञाकारी) आफ्नो जिन्दगीमा मानिसहरूको लागि फाइदाजनक (उपकारी) हुन्छ । यो अल्लाहको कृपा हो, उहाँले कहिलेकाहीं काफिरबाट पनि राम्रो काम गराउनु हुन्छ । यस ब्रम्हाण्डमा कैयौं वस्तुहरू फाइदाको लागि बनाइएका छन् । उदाहरणको लागि सुर्य र चन्द्रमा, हावा र बादल आदि वस्तुहरू यी त मानिसहरूको लागि ज्यादा फाइदाजनक छन् । वास्तवमा अल्लाह (सत्य पूज्य) को इन्कारी नै काफिर हो (अथवा उसमा कुफ्रको नियम लागुहुन्छ), नकि प्रकृतिको इन्कारमा । त्यसैले अल्लाहको तर्फबाट सजाय तथा यातना पनि अल्लाहको अधिकारलाई इन्कार गर्नुमा नै हुन्छ नकि प्राकृतिक कुराहरूको इन्कारमा ।

# अध्यायः– ४
# ईमान र कुफ्रको बयान

ईमान र कुफ्र दुबैका छुट्टा–छुट्टै नाम र नियमहरू छन् । जुन अल्लाहले स्वयं पारित गर्नु भएको छ । त्यसैले बिना प्रमाण कसैलाई काफिर भन्नु जायज छैन ।

इस्लामी नियमानुसार यस धर्तीका मानिसहरू दुई किसिमका छन् ।

१. मोमिन (आज्ञाकारी)

२. काफिर (अवज्ञाकारी)

अल्लाह तआलाले भन्नुभएको छ:

﴿هُوَ ٱلَّذِى خَلَقَكُمْ فَمِنكُمْ كَافِرٌ وَمِنكُم مُّؤْمِنٌ ۚ وَٱللَّهُ بِمَا تَعْمَلُونَ بَصِيرٌ﴾ [التغابن: ٢]

अर्थः “उहाँ (अल्लाह) ले नै तिमीहरूलाई सृष्टि गर्नुभयो, तिमीमध्ये कोही काफिर (अवज्ञाकारी) छन् भने केही मोमिन (आज्ञाकारी) छन् ।” (सूरह अत्तगाबुन: २)

ती दुबै किसिमका मानिसहरूको लागि त्यही आदेश र नियम नै लागु हुन्छ जुन अल्लाहले आफ्नो किताब र मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमले आफ्नो सुन्नतमा बताउनु भएको छ ।

## मुनाफिक (कपटी) हरू

- काफिर (अवज्ञाकारी) हरू नै मुनाफिक हुन्, जसले आफ्नो कुफ्र लुकाउँछन् र ईमान (आस्था) देखाउँछन्। यिनीहरुले अल्लाह, अल्लाहको रसूल र अल्लाहको किताबमाथि ईमान (आस्था) राख्ने मानिसहरू झैं आफ्नो ईमान देखाउँछन्, जबकि भित्री हृदयबाट

उपरोक्त कुराहरूमा ईमानको इन्कार गर्छन् । शरीअत (इस्लामिक विधान) मा यसलाई निफाक अल्–कबीर (ठूलो कपट) भनिन्छ ।

- अर्को किसिमका मुनाफिकहरु मुस्लिमहरूमध्येका हुन्, तिनले आफ्नो पापलाई लुकाउँछन् र धर्मलाई देखाउँछन्। जस्तैः– वफादारिता देखाउँछन् र विश्वासघात गर्छन्, सत्यतालाई देखाउँछन् र झुटलाई लुकाउँछन् । त्यसलाई इस्लामकि शरीअत (विधान) मा निफाक अस्गर (सानो कपट) भनिन्छ । यस्तो अवस्थामा मुनाफिक (कपटी) को बाहिरी आचरण देखेर उसँग मुसलमान जस्तो व्यवहार गरिनेछ ।

इस्लामले मोमिनको जीउ–धन अवैध र काफिरको वैध गरेको छ तर यो आदेश सधैं लागु हुँदैन, यसमा केही शर्तहरू छन् । काफिर आफ्नो सम्झौता, अमानत र जिम्मा भएको कारणले सुरक्षित हुनसक्छ । जस्तैः-

मुआहिद काफिर (सम्झौतावाला काफिर): यी त्यसता काफिरहरू हुन् जो आफ्नो देश वा क्षेत्रमा रहन्छन्, मुसलमानहरू अनि उनीहरूको बीचमा सम्झौता भएको हुन्छ, न उनीहरू मुसलमानहरूसँग लडनेछन् न मुसलमानहरू उनीहरूसँग लडनेछन् ।

मुस्तामिन काफिर: ती काफिरहरू जसको मुसलमानहरूसँग कुनै सम्झौता भएको हुँदैन तर मुसलमानहरूले उनीहरूलाई निर्धारित समयको लागि बस्न दिएका हुन्छन् । जस्तैः ब्यापारको लागि या इस्लाम सम्झनको लागि या कुनै काफिर आफ्नो सुरक्षा र शान्तिको लागि मुसलमानहरूको देशमा आउनु ।

जिम्मी काफिर: त्यसता काफिर जसको र मुसलमानहरूको बिचमा सम्झौता भएको छ कि उनीहरू मुसलमानको देशमा रहनेछन् र सुरक्षा र शान्तिको लागि जिजया (कर) तिर्नेछन् ।

मोमिन पनि कसैको हत्या, बैवाहिक जीवनमा कुनै स्त्रीसँग



व्यभिचार, जबरजस्ती करणी जस्ता कामहरू गर्छ भने त्यसको कारण मृत्युदण्डको भागिदार हुन्छ ।

## काफिर

जसलाई अल्लाह र अल्लाहको रसूलले काफिरको संज्ञा दिनुभएको छ ती बाहेक अन्यमाथि काफिर (नास्तिक/ अवज्ञाकारी) को फतवा (आदेश) लगाउन जायज छैन । जो निम्न कुराहरूबाट सम्झन सकिन्छ ।

काफिरका केही उदाहरणहरू:

१. अल्लाह र अल्लाहको सन्देष्टालाई झुटलाउने व्यक्ति (इन्कारी) ।

२. अल्लाह र अल्लाहको सन्देष्टाको बारेमा ठट्टा–मजाक गर्ने व्यक्ति। यसको बारेमा स्पष्ट प्रमाण अल्लाह तआलाको यस भनाइबाट मिल्छ:

﴿قُلْ أَبِاللَّهِ وَءَايَٰتِهِۦ وَرَسُولِهِۦ كُنتُمْ تَسْتَهْزِءُونَ ﴿٦٥﴾ لَا تَعْتَذِرُوا۟ قَدْ كَفَرْتُم بَعْدَ إِيمَٰنِكُمْ ۚ إِن نَّعْفُ عَن طَآئِفَةٍ مِّنكُمْ نُعَذِّبْ طَآئِفَةًۢ بِأَنَّهُمْ كَانُوا۟ مُجْرِمِينَ﴾ [التوبة: ٦٥-٦٦]

अर्थः "भनिदेऊ: के अल्लाह, उहाँका आयातहरू र उहाँका रसूल नै तिम्रो लागि हाँसखेलका पात्र हुन्? तिमी बहाना नबनाउ, निश्चय नै तिमीले ईमान ल्याएपछि काफिर भएका छौ । यदि हामीले तिमीमध्ये केहीलाई क्षमा गरिहाले पनि केहीलाई उनको कसूरको कारण यातना दिएर नै छाडनेछौं, किनकि उनीहरू अपराधी हुन्।" (सूरह अत्तौबा: ६५,६६)

३. अल्लाह र उहाँको रसूलसँग दुश्मनी गर्ने र उहाँहरूको आज्ञापालन नगर्ने व्यक्ति ।

४. इस्लामका केही आदेश मान्ने र केही आदेशहरूलाई इन्कार गर्ने व्यक्ति ।

५. अल्लाहको बारेमा झुटो कुरा गर्ने व्यक्ति । यसको बारेमा अल्लाहले भन्नुभएको छ:

﴿ إِنَّمَا يَفۡتَرِي ٱلۡكَذِبَ ٱلَّذِينَ لَا يُؤۡمِنُونَ بِـَٔايَٰتِ ٱللَّهِۖ وَأُوْلَٰٓئِكَ هُمُ ٱلۡكَٰذِبُونَ ﴾
[النحل: ١٠٥]

अर्थः "झुठो आरोप त तिनै मानिसहरूले लगाउने गर्दछन् जसलाई अल्लाहका आयातहरूमाथि विश्वास हुँदैन र तिनीहरू नै झुटा हुन्।" (सूरह अन्–नहल: १०५)

अनि अर्को आयतमा अल्लाहले भन्नुभएको छ:

﴿ وَمَنۡ أَظۡلَمُ مِمَّنِ ٱفۡتَرَىٰ عَلَى ٱللَّهِ كَذِبًا أَوۡ كَذَّبَ بِٱلۡحَقِّ لَمَّا جَآءَهُۥٓۚ أَلَيۡسَ فِي جَهَنَّمَ مَثۡوٗى لِّلۡكَٰفِرِينَ ﴾ [العنكبوت: ٦٨]

अर्थः "त्यो व्यक्तिभन्दा ठूलो अत्याचारी को होला? जसले अल्लाहको बारेमा मनगढन्ते कुरा रच्दछ वा सत्यलाई झुटो भन्दछ, जबकि त्यो (सत्य) उसको पासमा आइसकेको हुन्छ। के यस्ता काफिरहरूको बस्ने ठाउँ नर्क हुनेछैन?" (सूरह अन्कबुत: ६८)

उपरोक्त आयतमा जुल्म (अत्याचार) को व्याख्या कुफ्र गरिएको छ।

६. कुनै उपासना अल्लाह बाहेक अरुको लागि गर्ने व्यक्ति। अल्लाह तआलाले भन्नुभएको छ:

﴿ وَمَن يَدۡعُ مَعَ ٱللَّهِ إِلَٰهًا ءَاخَرَ لَا بُرۡهَٰنَ لَهُۥ بِهِۦ فَإِنَّمَا حِسَابُهُۥ عِندَ رَبِّهِۦٓۚ إِنَّهُۥ لَا يُفۡلِحُ ٱلۡكَٰفِرُونَ ﴾ [المؤمنون: ١١٧]

अर्थः "जोसुकै पनि व्यक्तिले अल्लाहको साथमा कुनै अर्को पूज्यलाई पुकार्दछ, जसको बारेमा उसको साथमा कुनै प्रमाण छैन, त उसको हिसाब उसको पालनकर्तासित छ। निश्चय नै अवज्ञाकारीहरू कहिल्यै सफल हुनेछैनन्।" (सूरह अल्–मोमिनुन्: ११७)

यस सम्बन्धि अरुपनि आयतहरू छन्।

७. अल्लाह बाहेक अरुको उपासना गर्ने व्यक्ति या अन्य कसैलाई माध्यम बनाउने व्यक्ति। अल्लाह तआलाले भन्नुभएको छ:

﴿ وَيَعۡبُدُونَ مِن دُونِ ٱللَّهِ مَا لَا يَضُرُّهُمۡ وَلَا يَنفَعُهُمۡ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا



عِندَ ٱللَّهِۚ قُلۡ أَتُنَبِّـُٔونَ ٱللَّهَ بِمَا لَا يَعۡلَمُ فِي ٱلسَّمَٰوَٰتِ وَلَا فِي ٱلۡأَرۡضِۚ سُبۡحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ ﴾ [يونس: ١٨]

अर्थः "र यी (मानिसहरू) अल्लाह बाहेक यस्ता कुराहरूको पूजा गर्दछन्, जसले तिनीहरूको न केही बिगार्न सक्छन् न सपार्न सक्छन् र भन्दछन् कि यिनीहरूले अल्लाहको समीपमा हाम्रो सिफारिश गर्नेछन्। तिमी भनिदेऊ कि के तिमीले अल्लाहलाई यस्तो कुरा बारे भन्दछौ? जसको जानकारी उहाँलाई छैन्, न आकाशमा न धर्तीमा। उहाँ पवित्र हुनुहुन्छ र तिनीहरूको शिर्कबाट। (सूरह यूनुस: १८)

यस आयतमा यो कुरा स्पष्ट पारिएको छ कि अल्लाहलाई धर्ती र आकाशमा भएका सबै कुराहरूको ज्ञान छ, तर यी मुश्रिकहरू सोंच्दछन् कि अल्लाहलाई सबै कुराहरूको ज्ञान छैन।

८. जो स्वामित्व तथा अधिकार अल्लाह तआलाको लागि विशेष छ त्यो अल्लाह बाहेक अन्यको लागि बनाउने व्यक्ति। जस्तैः शरीअत (विधान) बनाउने र फैसला गर्ने अधिकार मात्र अल्लाहको हो, उहाँ नै वैध र अवैधको फैसला गर्नुहुन्छ। यो पनि याद रहोस् कि शरीअत बनाउने र फैसलालाई अल्लाहले उपासना भन्नुभएको छ। जस्तै अल्लाह तआलाको भनाइ छ:

﴿إِنِ ٱلۡحُكۡمُ إِلَّا لِلَّهِۚ أَمَرَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُۚ﴾ [يوسف: ٤٠]

अर्थः "फैसला गर्नु अल्लाह तआलाकै काम हो, उहाँले आदेश दिनु भएको छ कि उहाँ बाहेक कसैको उपासना नगर।" (सूरह यूसुफ: ४०)

९. अल्लाह बाहेक अन्यलाई गैबको इल्म (परोक्षको ज्ञान) भएको दाबी गर्ने व्यक्ति। जस्तै – जादू, ग्रह तथा ताराहरूको प्रभाव, ज्योतिषी विद्या आदिमा विश्वास गर्ने। यस बारेमा अल्लाहले कुर्आनमा भन्नुभएको छ:

﴿قُل لَّا يَعۡلَمُ مَن فِي ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ ٱلۡغَيۡبَ إِلَّا ٱللَّهُۚ﴾ [النمل: ٦٥]

अर्थः "भनिदेऊ, कि आकाशमा बस्नेहरूमध्ये र धर्तीमा बस्नेहरूमध्येमा अल्लाह बाहेक कोही पनि परोक्षको कुरा जान्दैन ।" (सूरह अन्–नमलः ६५)

१०. अल्लाह बाहेक अन्य कसैमा ब्रम्हाण्ड या ब्रम्हाण्ड भित्रका कुनै वस्तुलाई सृष्टि गर्ने क्षमता भएको धाराणा राख्ने या जिन्दगी र मृत्युदिने क्षमता भएको धाराण रख्ने व्यक्ति । अल्लाह तआलाले यस बारेमा भन्नुभएको छः

﴿أَمْ جَعَلُوا لِلَّهِ شُرَكَاءَ خَلَقُوا كَخَلْقِهِ فَتَشَابَهَ الْخَلْقُ عَلَيْهِمْ قُلِ اللَّهُ خَالِقُ كُلِّ شَيْءٍ وَهُوَ الْوَاحِدُ الْقَهَّارُ﴾
[الرعد:١٦]

अर्थः "के जसलाई उनीहरू अल्लाहको साझीदार ठानेका छन्, उनीहरूले पनि अल्लाहले जस्तै कुनै प्राणीको सृष्टि गरेका छन्, जसको कारणले उनीहरूको दृष्टिमा सृष्टिको बारेमा शंका उत्पन्न गरेको छ? भनिदेऊ, मात्र अल्लाह नै सम्पूर्ण प्राणीहरूका सृष्टिकर्ता हुनुहुन्छ, उहाँ एक्लो हुनुहुन्छ र अत्यन्तै प्रभुत्वशाली हुनुहुन्छ ।" (सूरह रादः १६)

११. त्यसतै मोमिनहरूलाई छोडेर काफिरहरूलाई प्रेम तथा सहयोग गर्ने र उनीहरूको बारेमा राम्रो धारणा राख्ने अथवा उनीहरूको ईमान मनमानीको उपासना सही छ भन्ने व्यक्ति । अल्लाह तआलाले भन्नुभएको छः

﴿وَمَن يَتَوَلَّهُم مِّنكُمْ فَإِنَّهُ مِنْهُمْ﴾ [المائدة: ٥١]

अर्थः "तिमीहरूमध्ये जसले तिनीहरूलाई (काफिरहरूलाई) मित्र बनाउँछ, ऊ निःसन्देह तिनीहरूमध्येकै हुनेछ ।" (सूरतुल् मायदाः ५१)

त्यसतो व्यक्ति जो इस्लामको बारेमा जान्नको लागि सक्षम थियो अनि उसँग श्रोत र साधन पनि थियो तर उसले त्यसलाई छोडिदियो र आफ्नो मनमानी गर्यो, त्यो काफिर हो । चाहे त्यो साँच्चिकै अनपढ अथवा जाहिल नै किन नहोस् किनकि उसको गणना ती जाहिलहरूमा



हुन्छ, जसलाई आफ्नो अज्ञानता हटाउने अधिकार प्राप्त छ । तर उसले त्यो अज्ञानतालाई समाप्त गरेन अथवा आफूबाट हटाएन । अल्लाह तआलाले त्यसको बारेमा भन्नुभएको छः

﴿بَلْ أَكْثَرُهُمْ لَا يَعْلَمُونَ الْحَقَّ فَهُم مُّعْرِضُونَ﴾ [الأنبياء: ٢٤]

अर्थः "कुरा यो छ कि तिनीहरूमध्ये अधिकांश मानिसहरू सत्य कुरा जान्दैनन् त्यसैले (उसबाट) विमुख भइहाल्छन् ।" (सूरह अल्–अम्बियाः २४)

उपरोक्त आयतमा अल्लाह तआलाले यो भन्नुभएको छ कि निःसन्देह उनीहरू अज्ञानी छन् तर आफ्नो कारणले। अर्को आयतमा अल्लाह तआलाले भन्नुभएको छः

﴿وَالَّذِينَ كَفَرُوا عَمَّا أُنذِرُوا مُعْرِضُونَ﴾ [الأحقاف: ٣]

अर्थः "र काफिर (अवज्ञाकारी) हरूलाई जुन कुराबाट डराइन्छ, उनीहरू त्यसबाट मुख मोडछन् ।" (सूरह अल्–अहकाफः ३)

कारण देखाउँदै विमुख हुने बहाना चल्दैन, पहिलेका धेरैजसो मानिसहरुले कुनै न कुनै कारण देखाइ धार्मिक विषयमा गरेको स्वनिर्णय र मनमानीको कारण नै पथभ्रष्ट भएका थिए । उनीहरू सत्य कुरा सुन्थे तर स्वयं आफूलाई अज्ञानी (अनपढ) देखाएर त्यसको जानकारी र अनुसरणबाट पछि हट्थे । अवज्ञाकारीहरुको यस्तो आचरणको बारेमा अल्लाह तआलाले भन्नुभएको छः

﴿وَكَأَيِّن مِّنْ آيَةٍ فِي السَّمَاوَاتِ وَالْأَرْضِ يَمُرُّونَ عَلَيْهَا وَهُمْ عَنْهَا مُعْرِضُونَ﴾ [يوسف: ١٠٥]

अर्थः "आकाश र पृथ्वीमा धेरै निशानीहरू छन्, जसबाट यिनीहरू मुख फर्काएर अगाडी बढछन् ।" (सूरह यूसुफः १०५)

त्यसतै भन्नुभएको छः

﴿بَلْ أَتَيْنَاهُم بِذِكْرِهِمْ فَهُمْ عَن ذِكْرِهِم مُّعْرِضُونَ﴾ [المؤمنون: ٧١]

अर्थः "सत्य त यो हो कि हामीले उनीहरूको सामु उनीहरूको (भागको) उपदेश पुर्याइदिएका छौं, तर उनीहरू आफ्नो उपदेशबाट मुख फर्काइरहेका छन् ।" (सूरह अल्–मुमिनून्: ७१)

केही ज्ञान हुँदाहुँदै पनि बेवास्ता गर्नाले मानिसको परस्पर अधिकार समाप्त हुँदैनन् भने विस्तृत ज्ञान न भएको कारणले अल्लाहको अधिकार कसरी समाप्त हुनसक्छ?

यदि मानव बुद्धि तथा विवेकलाई अल्लाहका निशानीहरूको तर्फ लगाएर त्यसमाथि विचार गरिंदैन भने ती निशानीहरूका उद्देश्यहरू त्यत्तिकै छिटो हराएर जान्छन् जति निशानीहरूको पासबाट छिटो–छिटो जाने व्यक्तिहरू हराउँछन् । त त्यसबाट सानोभन्दा सानो फाइदा पनि हुन सक्दैन् । चाहे ती निशानीहरूलाई हाम्रा आँखाले प्रत्येक दिन देखिरहुन् अथवा दिनको उज्यालोमा कुनै वस्तु झै स्पष्ट किन नहोउन् । अल्लाह तआलाले कुर्आनमा भन्नुभएको छ:

﴿ وَجَعَلْنَا السَّمَاءَ سَقْفًا مَّحْفُوظًا ۖ وَهُمْ عَنْ آيَاتِهَا مُعْرِضُونَ ﴾ [الأنبياء: ٣٢]

अर्थः “ हामीले आकाशलाई एउटा सुरक्षित छत बनायौं, तैपनि तिनीहरू हाम्रा निशानीहरूबाट विमुख भईरहेका छन् ।” (सूरह अल्–अम्बिया: ३२)

मानिसको यो धारणा पनि गलत हो कि सच्चाइको जानकारीबाट विमुख हुनाले या त्यसलाई छाडिदिनाले उसलाई उसको कर्मको परिणाम अथवा यातनाबाट मुक्ति मिल्नेछ ।

### सच्चाई स्वीकार नगर्नु र विमुख हुनुको कारण:

सच्चाईलाई स्वीकार नगर्नुको कारण या उसको घमण्ड हो, बदमासी तथा खेल तमाशा हो या मोजमस्ती । त्यसैले त्यसमाथि जब कुनै आपत्ति या कठिनाइ आइलाग्छ त त्यसको घमण्ड चकनाचुर हुन्छ । अनि उसको मोजमस्ती सबै बर्बाद हुन्छ । अनि बल्ल सच्चाई स्पष्टताको साथमा देखिन लाग्छ र ऊ सच्चाईको तर्फ फर्कन्छ ।



## अध्यायः– ५
## ईमानको परिभाषा

हृदयले स्वीकार गर्नु, मुखले घोषणा गर्नु र त्यही अनुसार कर्म गर्नुलाई ईमान भनिन्छ । यसलाई निम्न उदाहरणबाट सम्झन सकिन्छ, जस्तै- मग्रीबमा तिन रकअत नमाज हुन्छ । यदि यी तिन रकअतहरू मध्ये एक रकअत कम हुन्छ भने त्यसलाई मग्रीबको नमाज भनिंदैन । त्यस्तै ईमानमा विस्वास, घोषणा र कर्ममध्ये कुनै एउटा पनि कम हुन्छ भने त्यसलाई ईमान भन्न सकिंदैन ।

### घोषणा, कर्म र विस्वास को वास्तविकता:

यी तिनवटै कुराहरूमध्ये कुनै एकको इन्कारले पुरा ईमानको नै इन्कार हुन जान्छ । यही नै मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरीअतको वास्तविकता हो ।

एतिकाद (हृदयको आस्था) को अर्थ: हृदयदेखि विश्वास र त्यसै अनुकुल कर्म गर्नुलाई एतिकाद (हृदयको आस्था) भनिन्छ। मानिसहरूको लागि भलाईको चाहना गर्नु र उनीहरूको बारेमा नराम्रो कुरा नसोंच्नु एतिकादको सही अर्थ होइन् । किनकि सृष्टिकर्तालाई नकार्ने धेरैजसो मानिसको यस्तै आस्था छ ।

हृदयदेखि विश्वासको अर्थ: यो कुरा स्वीकार गर्नु कि अल्लाह बाहेक अरु कोही सत्य पूज्य छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहको रसूल हुनुहुन्छ । अनि रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अल्लाहको तर्फबाट जो पनि ल्याउनुभएको छ, त्यो सत्य हो ।

हृदयको कर्मको अर्थ: अल्लाह, उहाँको रसूल र इस्लाम धर्मसित

साँचो प्रेम गर्नु हो । त्यसैगरि अल्लाह र अल्लाहको रसूलले जुन चिजहरूसित प्रेम गर्नुहुन्छ, ती सबै चिजहरूसित प्रेम गर्नु सबै किसिमका उपासनालाई मात्र अल्लाहको लागि खास गर्नु हो ।

हृदयको भनाइ भलाइ गर्नु भन्ने साधारण शब्दसम्म मात्र सीमित छैन । जस्तैः सत्य बोल्नु, आमा बुवाको साथमा विनम्रतासँग कुराकानी गर्नु, मानिसहरूलाई सलाम गर्नु, बाटो बिर्सिएकालाई बाटो देखाउनु आदिसम्म मात्र सीमित छैन । यी त्यसता कुराहरू हुन् जसलाई प्रत्येक व्यक्ति चाहन्छ, चाहे त्यो अल्लाहको अस्तित्वको इन्कारी नै किन नहोस् । भनाईको तात्पर्य मात्र त्यो हो जो मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को विधानले खास गरेको छ। जसको पहिलो दर्जा कलिमा शहादत "अश्हदो ला इलाह इल्लल्लाहु व अश्हदो अन्न मुहम्मदन् रसूलुल्लाह" पढ्नु, तस्बीह (सुब्हान अल्लाह) पढ्नु, तक्बीर (अल्लाहु अक्बर) पढ्नु आदि ।

हृदयको कर्म पुण्यको साधारण कामसम्म मात्र सीमीत छैन: जस्तै आमाबुवाको साथमा उत्तम व्यवहार गर्नु, बाटोबाट कष्टदायक चिजहरू हटाउनु, भोका तथा गरीबहरूलाई खाना खुवाउनु, पिडितहरूलाई मद्दत गर्नु, अतिथिहरूको सत्कार गर्नु आदि । यी त्यसता पुण्यका कर्महरू हुन्, जसतर्फ ईमान नभएको (नास्तिक) को मन पनि प्रेरित हुन्छ । त्यसैले हृदयको कर्मको वास्तविक उद्देश्य ती कर्महरू हुन्, जसको बारेमा अल्लाहको रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले जानकारी दिनुभएको छ । जस्तै: नमाज कायम गर्नु, जकात दिनु, रमजान महिनाको रोजा राख्नु, हज गर्नु .....आदि ।

मात्र अल्लाहको लागि गरिने पुण्यका कामहरूको बारेमा सम्पूर्ण आकाशीय (इश्वरीय) ग्रन्थहरू सहमत छन् र मानव प्रवृति पनि यसको बारेमा साक्षी छ । ती हुन् – मानिसहरूको भलाई चाहनु, सत्य कुरा गर्नु, आमा बुवाको साथमा सदव्यवहार गर्नु, गरीब तथा फकीरहरूलाई खाना खुवाउनु, कष्टदायक चिजहरू बाटोबाट हटाउनु र यस्तै अरु



कामहरू पनि छन् जसलाई शुद्धताको साथ व्यवहारमा लागु गर्नाले ईमानमा बढोत्तरी हुन्छ तर यी कर्महरू नगर्नाले ईमानको इन्कार हुँदैन, न यी कुराहरू पाउनाले ईमान पाइएको हुन्छ । यी कुराहरूबाट त यति मात्र थाहा हुन्छ कि मानिसको आचरण सही छ । अनि जुन प्रवृतिमा मानिसलाई सृष्टि गरिएको छ त्यो बदलिंदैन र यो सच्चाईको स्वीकारदेखि अत्यन्तै निकट छ । जुन प्रकृतिमा अल्लाहले मानिसलाई सृष्टि गर्नुभएको छ त्यसैमा नै चल्न र प्रकृतिलाई नबदल्न अल्लाहले अदेश दिनुभएको छ। जस्तै कि अल्लाह तआलाले यस आयतमा स्पष्ट भन्नुभएको छ:

﴿فِطۡرَتَ ٱللَّهِ ٱلَّتِي فَطَرَ ٱلنَّاسَ عَلَيۡهَا﴾ [الروم: ٣٠]

अर्थः "......... अल्लाहको त्यो विशेषता जसमाथि उहाँले मानिसहरूलाई सृष्टि गर्नुभएको छ ।" (सूरह रुम: ३०)

## ईमान घट्छ, बढ्छ र समाप्त हुन्छ

अल्लाह र रसूलको आज्ञापालनले ईमान बढ्छ, अवज्ञाले ईमानमा कमी आउँछ र कुफ्र र शिर्कका कामहरूले ईमान समाप्त हुन्छ । जस्तै कि अल्लाह तआलाले भन्नुभएको छ:

﴿إِنَّمَا ٱلۡمُؤۡمِنُونَ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتۡ قُلُوبُهُمۡ وَإِذَا تُلِيَتۡ عَلَيۡهِمۡ ءَايَٰتُهُۥ زَادَتۡهُمۡ إِيمَٰنٗا وَعَلَىٰ رَبِّهِمۡ يَتَوَكَّلُونَ﴾ [الأنفال: ٢]

अर्थः "आस्थावान त ती व्यक्तिहरू हुन् जसका हृदय काम्छन्, जुनबेला अल्लाहको वर्णन हुन्छ र जब उनका अगाडी अल्लाहका आयतहरू पढेर सुनाइन्छन् त तिनीहरूको ईमानमा अझ वृद्धि हुन्छ र तिनीहरू आफ्नो पालनकर्तामा भरोसा गर्छन् ।" (सूरतु अल्–अन्फाल: २)

## अनि अर्को ठाउँमा अल्लाहले भन्नुभएको छ:

﴿وَيَزۡدَادَ ٱلَّذِينَ ءَامَنُوٓاْ إِيمَٰنٗا﴾ [المدثر: ٣١]

अर्थः "..मोमिनहरूको ईमान अझ धेरै बढोस् । (सूरह अल्–मुद्दस्सिर ७४:३१)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿هُوَ ٱلَّذِىٓ أَنزَلَ ٱلسَّكِينَةَ فِى قُلُوبِ ٱلْمُؤْمِنِينَ لِيَزْدَادُوٓا۟ إِيمَٰنًا مَّعَ إِيمَٰنِهِمْ﴾ [الفتح: ٤]

अर्थः "उहाँ (अल्लाह) नै हुनुहुन्छ जसले ईमानवालाहरूको हृदयमा सन्तोष र शान्ति प्रदान गर्नुभयो ताकि आफ्नो ईमानको साथै उनीहरूले अरु ईमानको अभिवृद्धि गरुन् ।" (सूरह अल्–फतह: ४)

इस्लामबाट निष्कासित भैसकेपछि निम्नलिखित कुराहरूले मात्र ईमान प्रमाणित हुन सक्छ ।

- साँचो आस्था: मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को रिसालतलाई मुखले गवाही दिनुको साथसाथै हृदयदेखि नै स्वीकार गर्नु र हृदयदेखि नै अल्लाह र उहाँको रसूल सल्लल्लाहु अलैहि वसल्लमसँग प्रेम गर्नु अनि ती चिजहरूसँग पनि प्रेम गर्नु जससँग अल्लाह र अल्लाहको रसूल प्रेम गर्नुहुन्छ ।
- फेरी मुखले गवाही दिनु ।
- फेरी त्यही अनुसार कर्म गर्नु ।

जुन व्यक्तिले हृदयले स्वीकार गर्यो र मुखले घोषणा गर्ने सामर्थ्य पनि राख्छ तर घोषणा गर्दैन भने ऊ मोमिन (आस्थावान) होइन। त्यसैगरि जुन व्यक्तिले हृदयले स्वीकार गर्यो अनि मुखले घोषणा गर्यो र त्यसलाई व्यवहारमा लागु गर्न सामर्थ्य पनि छ, जो मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) को शरीअतले विशेष गरेको छ तर त्यस शरीअतमा अमल गरेन अथवा त्यसलाई व्यवहारमा लागु गरेन त ऊ मोमिन होइन। जुन व्यक्तिले शरीअतको आदेशलाई मान्ने र व्यवहारमा लागु गर्ने कोसिस गर्यो तर त्यो गर्न सकेन त त्यो व्यक्ति आस्थावान हो। त्यसको बारेमा अल्लाह तआलाको भन्नुभएको छ:

﴿لَا يُكَلِّفُ ٱللَّهُ نَفْسًا إِلَّا وُسْعَهَا﴾ [البقرة: ٢٨٦]



अर्थः अल्लाहले कसैलाई पनि उसको शक्तिभन्दा बढी बोझ दिनुहुन्न । (सूरह अल्–बकरह: २८६)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿لَا يُكَلِّفُ ٱللَّهُ نَفْسًا إِلَّا مَآ ءَاتَىٰهَا﴾ [الطلاق:٧]

अर्थः अल्लाहले कुनै व्यक्तिलाई जति शक्ति दिनुभएको छ त्यसभन्दा बढी जिम्मेवारीको बोझ दिनुहुन्न । (सूरह तलाक ६५: ७)

जब कुनै मुसलमान आफ्नो ईमान चाहे त्यो भनाई होस्, चाहे व्यवहारिक होस्, चाहे आत्मिक (हृदयको) होस् यिनीहरूको विपरित काममा लाग्छ भने उसको पुरा ईमान नै बर्बाद हुन्छ । किनकि भनाई, कर्म र विश्वास यी तीनवटाको मिलनको नाम ईमान हो । यसलाई निम्न उदाहरणबाट सम्झन सकिन्छ । जस्तैः तीन रकअत नमाजको नाम मग्रीब हो । कुनै व्यक्ति नमाजका यी तीन रकअतमध्ये कुनै एक रकअतलाई बिगार्ने कुनै काम गर्छ भने त्यसको कारणले उसको पुरा नमाज नै बर्बाद हुन्छ । चाहे उसका बाँकी दुई रकअत सही तरिकाले नै अदा गरेको किन नहोस् । अनि हामीले जो कुरा बतायौं कि आज्ञापालनले ईमान बढछ, अवज्ञाका कामहरूको कारणले ईमान घटछ । पुण्यका कामहरू जस्तै: लामो कयाम, नमाजमा विनम्रता तथा पूर्ण लगाव, राम्रो केरअत (वाचन) ले नमाजको पुण्यमा बढोत्तरी हुन्छ र मनाही गरेका कामहरू जस्तै: आकाशतिर हेर्ने, कुकुरले जस्तै सज्दको समयमा बाजुलाई फैलाउनाले पुण्यमा कमी हुन्छ तर पुरा कर्म (नमाज) बर्बाद हुँदैन । यसबाट यो स्पष्ट भयो कि ईमानको विरुद्ध वा विपरीत काम ती हुन् जसलाई अल्लाह र अल्लाहको रसूलले बताउनुभयो र नमाजलाई बर्बाद अथवा बातिल गर्ने चिजहरू ती हुन्, जसलाई अल्लाह र उहाँको रसूलले खास गर्नुभएको छ, यसलाई खास गर्ने अथवा सही र गलत भन्ने अधिकार अरु कसैलाई छैन ।

# अध्यायः– ६
# अल्लाहको अस्मा (नाम) र सिफात (विशेषता) हरूको बारेमा:

अल्लाहका विशेषता र नामहरू अत्यन्तै राम्रा र सर्बश्रेष्ठ छन् । अल्लाहको जात (व्यक्तित्व) को बारेमा स्वयं अल्लाहभन्दा धेरै अरु कसैलाई पनि पूर्णरूपमा थाहा छैन । त्यसैले कुर्आन र रसूलको सुन्नतको आधारमा हामीहरू ती सम्पूर्ण कुराहरूको इन्कार गर्छौं, जो उहाँको व्यक्तित्वको लागि उपयुक्त छैन । अनि उहाँको व्यक्तित्वको इज्जत र सम्मानको लाएक ती सम्पूर्ण चिजहरूलाई स्वीकार गर्छौं, जसलाई उहाँले स्वयं प्रमाणित गर्नुभएको छ र आफ्नो रसूलद्वारा प्रमाणित गराउनुभएको छ । उहाँको व्यक्तित्वको विरुद्ध र अधुरा प्रत्येक विशेषताहरूलाई हामीहरू इन्कार गर्छौं अनि उहाँको कैफियत (रुप, विशेषता तथा क्षमतालाई) कसैसँग तुलना गर्दैनौं र उहाँको बराबरीमा कसैलाई उदाहरणको रुपमा प्रस्तुत पनि गर्दैनौं । जसले पनि अल्लाहको जात (व्यक्तित्व) मा कुनै खोट तथा कमी छ भन्छ या त्यसको बयान गर्छ, हामीहरू त्यसको विरोध गर्छौं र अल्लाहको व्यक्तित्वमा कमी छ भन्ने कुरा मान्दैनौं। जस्तै: अल्लाहले आफ्नो पत्नी तथा बच्चाहरू नभएको कुरा बताउनुभएको छ। अल्लाहका सन्तानहरू छैनन् भन्ने कुरालाई अल्लाह तआलाले कुर्आनमा निम्न आयातबाट प्रमाणित गर्नुभएको छ।

﴿أَنَّىٰ يَكُونُ لَهُۥ وَلَدٌ وَلَمۡ تَكُن لَّهُۥ صَٰحِبَةٌ﴾ [الأنعام: ١٠١]

अर्थः "(अल्लाह) उहाँको सन्तान कसरी हुनसक्छन् जबकि उहाँको पत्नी नै छैन ।" (सूरह अन्आम: १०१)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿لَمۡ يَلِدۡ وَلَمۡ يُولَدۡ﴾ [الإخلاص: ٣]

अर्थः “न उहाँबाट कोही जन्मेको छ, न उहाँ कसैबाट जन्म लिनुभएको छ ।” (सूरह अल्–इख्लास: ३)

त्यसतै अल्लाह तआलाले आफ्नो लागि कन्जुस्याईंको इन्कार गर्नुभएको छ, अथवा अल्लाह कन्जुस हुनुहुन्न। यहूदीहरूको भनाइको खण्डन गर्दै अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَقَالَتِ ٱلۡيَهُودُ يَدُ ٱللَّهِ مَغۡلُولَةٌۚ غُلَّتۡ أَيۡدِيهِمۡ وَلُعِنُواْ بِمَا قَالُواْۘ بَلۡ يَدَاهُ مَبۡسُوطَتَانِ﴾ [المائدة: ٦٤]

अर्थः “यहूदीहरूले भने कि अल्लाहको हात बाँधिएको छ, (तर वास्तवमा) तिनीहरूकै हात बाँधिएको छ । र यस भनाईको कारण तिनीहरू तिरस्कृत भए, बरु अल्लाहका दुबै हात खुल्ला छन् ।” (सूरह माइदा: ६४)

अल्लाहको सन्देश (वही) मा जस्तो आदेश आएको छ हामीहरू त्यसलाई त्यसरी नै विश्वास गर्छौं र व्यवहारमा लागु गर्छौं । त्यस्तै अस्मा र सिफातको (नाम र विशेषताको) बारेमा जो आदेश तथा सन्देश आएको छ त्यसको वास्तविकतालाई जस्ताको तस्तै प्रमाणित गर्छौं र हामी त्यसले बयान गरेको निशानीहरूलाई पनि समावेश गर्छौं, तर त्यसभन्दा अगाडी बढदैनौं । याद रहोस् कि अल्लाहको जात (व्यक्तित्व) जस्तो कुनैपनि चिज छैन । किनकि अल्लाहले कुर्आनमा भन्नुभएको छ:

﴿لَيۡسَ كَمِثۡلِهِۦ شَيۡءٞۖ وَهُوَ ٱلسَّمِيعُ ٱلۡبَصِيرُ﴾ [الشورى: ١١]

अर्थः “उहाँ जस्तो कोही छैन र उहाँ सुन्नेवाला तथा जान्नेवाला हुनुहुन्छ ।” (सूरह अश्शूरा: ११)

अल्लाहको विशेषता तथा गुणहरूलाई कुनै पनि वस्तुसँग तुलना गर्नु अथवा आंकलन गर्नु उचित छैन। किनकि आंकलन अथवा तुलना



गर्नको लागि ऊ जस्तै मिल्दोजुल्दो या असली चिज हुनु जरुरी छ । अल्लाहको जात (व्यक्तित्व) त एक्लो छ, उहाँको बराबर कोही पनि छैन न उहाँसँग मिल्दोजुल्दो नै छ, जसले उहाँलाई सानो बनाओस् न उहाँको जस्तै असली छ, जसले उहाँलाई अझ श्रेष्ठ बनाओस्। उहाँ एक्लो हुनुहुन्छ, एकदम सम्पन्न (निरपेक्ष) हुनुहुन्छ । न उहाँले कसैलाई जन्म दिनुभएको छ न उहाँलाई कसैले जन्म दिएको छ र उहाँको बराबरीमा कोही पनि छैन ।

अल्लाह तआलाले मानिसलाई सर्वश्रेष्ठ प्राणी बनाउनुको साथै उसको विवेक (बुद्धि) लाई पनि उत्तम बनाउनु भएको छ । उसले आफ्नो सोंच विचार, प्रत्यक्ष दर्शन या सुनेको आधारमा धेरै कुराहरूको अन्दाजा लगाउँछ। जस्तै कि अल्लाहको बारेमा कुराहरू सुनिन्छ तर कहिल्यै मानव आँखाले अल्लाहलाई देखेका छैनन् । यदि कुनै दिमागले कुनै चिजसँग मिल्दो जुल्दो उदाहरण आंकलन गर्छ जसलाई उसले पहिले देखेको थियो भने उसले अल्लाहको कुनै रूप तयार गर्छ । यस संसारका सबै मानिसले अल्लाहको रूपको अन्दाजा लगाउन थाले भने प्रत्येक दिमागको आंकलन (अन्दाजा) त्यसै अनुसार हुन्छ, जस्तो उसले पहिले कुनै वस्तु देखेको हुन्छ र त्यसको त्यस्तै विशेषता निर्धारण गर्छ, जस्तो उसले देखेको हुन्छ । यसरी मानिसहरूले अल्लाहका विभिन्न रूपहरू तयार गर्न थाल्छन् तर वास्तवमा कुनै पनि दिमागमा अल्लाहको कुनै उदाहरण नै छैन, किनकि अल्लाहलाई कसैले देखेकै छैन । त्यसैले अल्लाहको नाम (अस्मा) र विशेषता (सिफात) लाई गलत उदाहरणद्वारा प्रस्तुत नगरौं र त्यसको गलत उदाहरणको कारणले इन्कार नगरौं । कहिं यस्तो नहोस् दिमागको अन्दाजाको आधारमा अल्लाहको विशेषता, नामको साथसाथै अल्लाहलाई नै इन्कार गरियोस् र सही खबरलाई नै झुटलाइयोस् । त्यसैले हामी त्यस शंकास्पद अर्थको इन्कार गरौं जो दिलमा गएर शंकाको जरो गाडेको छ र ती विशेषता र नामहरूलाई अल्लाहको निम्ति त्यसरी प्रमाणित

गरौं जसरी अल्लाहले स्वयं आफ्नो लागि बयान गर्नुभएको छ । अनि रुकौं धेरै अडकलबाजी गर्नबाट । अल्लाह तआलाको जस्तो विशेषता कसैमा पनि छैन भन्ने प्रमाण हामीलाई कुर्‌आनका निम्न आयतहरुबाट थाहा हुन्छ ।

﴿ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلَا يُحِيطُونَ بِهِۦ عِلْمًا ﴾ [طه: ١١٠]

अर्थ: “जे जति उनीहरूको अगाडी पछाडी छन् अल्लाह ती सबैलाई जान्नुहुन्छ, कुनै पनि प्राणीको ज्ञान उहाँमाथि हावी हुन सक्दैन । (सूरह ताहा: ११०)

अर्को आयतमा भन्नुभएको छ:

﴿ لَّا تُدْرِكُهُ ٱلْأَبْصَٰرُ وَهُوَ يُدْرِكُ ٱلْأَبْصَٰرَ وَهُوَ ٱللَّطِيفُ ٱلْخَبِيرُ ﴾ [الأنعام: ١٠٣]

अर्थ: “उहाँ (अल्लाह) लाई कुनै आँखाले देख्न सक्दैनन् र उहाँले सबै आँखाहरूलाई देख्न सक्नुहुन्छ तथा उहाँ रहस्यहरूको जानकार सर्वज्ञानी हुनुहुन्छ ।” (सूरह अल्–अनआम ६: १०३)

सर्बलोकको मालिक आफ्नो अर्शमाथि बिराजमान हुनुहुन्छ। उहाँले भन्नुभएको छ:

﴿هُوَ ٱلْأَوَّلُ وَٱلْءَاخِرُ وَٱلظَّٰهِرُ وَٱلْبَاطِنُ وَهُوَ بِكُلِّ شَىْءٍ عَلِيمٌ ۝٣ هُوَ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يَعْلَمُ مَا يَلِجُ فِى ٱلْأَرْضِ وَمَا يَخْرُجُ مِنْهَا وَمَا يَنزِلُ مِنَ ٱلسَّمَآءِ وَمَا يَعْرُجُ فِيهَا وَهُوَ مَعَكُمْ أَيْنَ مَا كُنتُمْ وَٱللَّهُ بِمَا تَعْمَلُونَ بَصِيرٌ ﴾ [الحديد: ٣ - ٤]

अर्थ: “उहाँ नै पहिलो हुनुहुन्छ र उहाँ नै अन्तिम हुनुहुन्छ, व्यक्त र अव्यक्त पनि, उहाँले हरेक कुराहरू राम्ररी जान्नुहुन्छ। उहाँ नै हुनुहुन्छ जसले आकाशहरू र पृथ्वीलाई ६ (छ) दिनमा सृष्टि गर्नुभयो अनि सिंहासनमा विराजमान हुनुभयो। जे जति धर्तीमा प्रवेश गर्दछ, त्यसबाट निस्कन्छ र जे जति आकाशबाट अवतरित हुन्छ अनि त्यसमा चढ्दछ, सबैकुरा उहाँले जान्नुहुन्छ र तिमी जहाँसुकै भएपनि उहाँ तिम्रो साथमा हुनुहुन्छ अनि अल्लाहले ती सबै चिज देख्नुहुन्छ, जे जति तिमीले गर्दछौ ।” (सूरह अल्–हदीद: ३,४)



उपरोक्त आयातमा अल्लाह तआलाले स्वयं आफ्नो लागि “इस्तवा” (विराजमान) र प्रत्येक चिजको विषयमा आफ्नो ज्ञानलाई प्रमाणित गर्नुभएको छ। भक्तहरूको साथमा आफू भएको जानकारी दिनुभयो कि उहाँ भक्तहरूको साथमा सशरीर अथवा असली रुपको साथमा नभइ आफ्नो विशेषताहरू– इल्म (ज्ञानद्वारा), समीअ (सुन्ने क्षमताद्वारा) र बसीर (देख्ने क्षमताद्वारा) उनीहरूको साथमा हुनुहुन्छ। जस्तैः अल्लाह तआलाले भन्नुभएको छ:

﴿ وَهُوَ مَعَكُمْ أَيْنَ مَا كُنتُمْ ﴾ [الحديد: ٤]

अर्थ: “र तिमी जहाँसुकै भएपनि उहाँ तिम्रो साथमा हुनुहुन्छ।” (सूरह अल्–हदीद: ४)

त्यसतै अल्लाहले आफ्नो समर्थन र सुरक्षाद्वारा आफ्ना वलीहरू (दोस्त अथवा प्यारा भक्तहरू) लाई मद्दत गर्नुहुन्छ, यसैलाई “साथ” को शब्दले बयान गरिएको छ । उहाँले मूसा अलैहिस्सलाम र हारुन अलैहिस्सलाम डराइरहेको अवस्थामा उनीहरूलाई हौसला दिंदै भनेको कुरा कुर्‌आनले यसरी चित्रण गरेको छ:

﴿ قَالَ لَا تَخَافَآ إِنَّنِى مَعَكُمَآ أَسْمَعُ وَأَرَىٰ ﴾ [طه: ٤٦]

अर्थ: “(अल्लाहको) जवाफ आयो तिमी अलिकति पनि नडराऊ, म तिम्रो साथमा छु, सुन्नेछु र देखिरहनेछु ।” (सूरह ताहा: ४६)

अल्लाह सबै कामहरू पूर्णरुपले गर्नसक्ने सामर्थ्यवान हुनुहुन्छ । उहाँले जो चाहनुहुन्छ त्यो हुन्छ र जो चाहनुहुन्न त्यो हुँदैन। अल्लाहको सामर्थ्यलाई हामीले त्यसरी नै मान्छौं जसरी उहाँले आफ्नो व्यक्तित्वको लागि प्रमाणित गर्नुभएको छ, त्यसभन्दा अगाडी बढेर हामी कुनै पनि कुराको चर्चा अथवा वर्णन गर्दैनौ । केही मानिसहरु जसले आफूलाई प्रकृतिवादी धेरै जानकार भन्छन्, ती मनका पूजारीहरूले जस्तो स्वीकार योग्य कुराहरू र अयोग्य कुराहरूको बिचमा घटी बढी गर्ने गर्दैनौं। आफ्नो मइशत (इच्छा) को बारेमा अल्लाह तआलाले विभिन्न आयातहरूमा भन्नुभएको छ:

﴿قَالَ كَذَٰلِكَ ٱللَّهُ يَفۡعَلُ مَا يَشَآءُ﴾ [آل عمران: ٤٠]

अर्थः “भन्नुभयोः त्यसतै प्रकारले अल्लाहले जे चाहनुहुन्छ गर्नुहुन्छ ।” (सूरह आले इम्रान: ४०)

अर्को आयतमा भन्नुभएको छ:

﴿وَلَٰكِنَّ ٱللَّهَ يَفۡعَلُ مَا يُرِيدُ﴾ [البقرة: ٢٥٣]

अर्थः “तर अल्लाहले जे चाहनुहुन्छ गर्नुहुन्छ ।” (सूरह अल्–बकर: २५३)

अर्को आयतमा भन्नुभएको छ:

﴿ذُو ٱلۡعَرۡشِ ٱلۡمَجِيدُ ١٥ فَعَّالٞ لِّمَا يُرِيدُ﴾ [البروج: ١٥ - ١٦]

अर्थः “सिंहासनको स्वामी अत्यन्तै गौरवशाली हुनुहुन्छ । जे चाहनुहुन्छ गर्नुहुन्छ ।” (सूरह अल्–बुरुज: १५,१६)

अल्लाहको अस्मा र सिफातको बारेमा कुर्आन र हदीसले जुन नाम र विशेषताहरू प्रमाणित गरेको छ, हामीहरू अल्लाहको लागि त्यही नै प्रमाणित गर्दछौं। त्यस बाहेक जो पनि छ हामी त्यसबाट बच्छौं अथवा त्यसभन्दा अगाडी बढदैनौं । जुन कमी अथवा इन्कारको विशेषता विवेकको समझको कारणले हुन्छ या विवेकले सोंच्छ । जस्तैः चिन्ता गर्नु, रुनु–कराउनु, भोक लाग्नु आदि कुराहरूलाई पनि हामीहरू इन्कार गर्दछौं किनकि यस्ता विशेषता अल्लाहको विशेषता हुन सक्दैनन् ।



# अध्यायः– ७
# कुर्आन अल्लाहको वाणी हो

कुर्आन अल्लाहको वाणी (भनाइ) हो, अल्लाहले यसका शब्द, आयात र सूरहहरूको साथ वास्तविक कुराकानी गर्नुभएको हो अर्थात ती कुराहरू जो कुर्आनमा छन्, अल्लाहका शब्द नै हुन् । हामीले यो भन्दैनौ कि यो कुर्आनको माध्यमबाट मात्र त्यसको अर्थ वा उद्देश्य लिइएको हो र न त भनाइको माध्यमबाट त्यसको विवरण लिइएको हो । बरु हामी त यो भन्छौं र मान्छौं कि जब अल्लाह चाहनुहुन्छ तब–तब कुराकानी गर्नुहुन्छ । जस्तै कि अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَكَلَّمَ ٱللَّهُ مُوسَىٰ تَكۡلِيمٗا﴾ [النساء: ١٦٤]

अर्थः “अल्लाहले मूसा (अलैहिस्सलाम) सँग प्रत्यक्ष कुरा गर्नुभयो ।” (सूरह अन्–निसा: १६४)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿وَلَمَّا جَآءَ مُوسَىٰ لِمِيقَٰتِنَا وَكَلَّمَهُۥ رَبُّهُۥ﴾ [الأعراف: ١٤٣]

अर्थः “र जब मूसा हामीले निर्धारित गरेको समयमा आए त उनको पालनकर्ताले उनीसँग कुरा गरे ।” (सूरह अल्–आराफ: १४३)

वही (वाणी) अल्लाहको भनाइ हो । यसको बारेमा स्वयं भन्नुभएको छ:

﴿وَٱللَّهُ يَقُولُ ٱلۡحَقَّ﴾ [الأحزاب: ٤]

अर्थः “अल्लाहले सत्य कुरा भन्नुहुन्छ ।” (सूरह अल्–अहजाब: ४)

अल्लाहको वाणी त ती हुन् जसलाई हृदयमा सुरक्षित गरिन्छन् । अल्लाहले भन्नुभएको छ:

﴿بَلْ هُوَ ءَايَٰتٌۢ بَيِّنَٰتٌ فِى صُدُورِ ٱلَّذِينَ أُوتُوا۟ ٱلْعِلْمَ﴾ [العنكبوت: ٤٩]

अर्थः “बरु यो कुर्‌आन त ती मानिसहरूको छातीमा विद्यमान स्पष्ट आयातहरू हुन्, जसलाई ज्ञान प्रदान गरिएको छ ।” (सूरह अन्कबुतः ४९)

अल्लाहका कलाम (वाणी) त ती हुन जो कानहरूले सुन्न लाएक हुन्छन् । कुर्‌आनमा भन्नुभएको छः

﴿وَإِنْ أَحَدٌ مِّنَ ٱلْمُشْرِكِينَ ٱسْتَجَارَكَ فَأَجِرْهُ حَتَّىٰ يَسْمَعَ كَلَٰمَ ٱللَّهِ﴾ [التوبة: ٦]

अर्थः “यदि मुश्रिकहरूमध्ये कसैले तिमीसँग शरण माग्छ भने तिमी उसलाई शरण देउ, ताकि उसले अल्लाहको कलाम (वाणी) लाई सुनोस् ।” (सूरह त्तौबाः ६)

यस वाणी (कुर्‌आन) को प्रचारक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) हुनुहुन्थ्यो । उहाँ त अल्लाहको वाणी मानिसहरू समक्ष पुर्‍याउने माध्यम मात्र हुनुहुन्थ्यो । प्रचारक मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) भएपनि यो अल्लाहको वाणी नै हो ।

अल्लाहको वाणी ती हुन् जो पन्नाहरूमा लेखिएका छन् । अल्लाहले कसम खाँदै भन्नुभएको छः

﴿وَكِتَٰبٍ مَّسْطُورٍ ۝٢ فِى رَقٍّ مَّنشُورٍ﴾ [الطور: ٢ - ٣]

अर्थः “र लेखिएको किताबको, जो खुल्ला पानाहरूमा छन् ।” (सूरह त्तुर ५२ः २,३)

अनि यस किताबलाई अल्लाह तआलाले आफ्नो पासमा लोहे महफूज (सुरक्षित पट्टिका) मा सुरक्षित गरेर राख्नुभएको छ । भन्ने कुरा पनि हामीलाई कुर्‌आनमा जानकारी दिनुभएको छ ।

﴿بَلْ هُوَ قُرْءَانٌ مَّجِيدٌ ۝٢١ فِى لَوْحٍ مَّحْفُوظٍۭ﴾ [البروج: ٢١ - ٢٢]

अर्थः “बरु यो कुर्‌आन अत्यन्तै गौरवशाली छ । जो लौहे महफूज (सुरक्षित पट्टिका) मा अंकित छ ।” (सूरह अल्–बुरुजः २१,२२)



अर्को ठाउँमा भन्नुभएको छः

﴿وَإِنَّهُۥ فِىٓ أُمِّ ٱلْكِتَٰبِ لَدَيْنَا لَعَلِىٌّ حَكِيمٌ﴾ [الزخرف: ٤]

अर्थः “निश्चय नै यो लौहे महफूजमा अंकित छ र हाम्रो निकट धेरै उच्चकोटीको, तत्वदर्शीताले परिपूर्ण छ ।” (सूरह अल्–जुख्रुफ ४३ः ४)

सुरक्षित पट्टिकामा लेखिएको हुनाले यो अल्लाहको वाणी होइन भन्न मिल्दैन । कागज, पट्टिका र मसी सबै अल्लाहका सृष्टि नै हुन् तर त्यसमा लेखिएका अल्लाहका वाणीहरू हुन् । नास्तिकहरूका विभिन्न बहानाहरूको चित्रण गर्दै अल्लाहले भन्नुभएको छः

﴿وَلَوْ نَزَّلْنَا عَلَيْكَ كِتَٰبًا فِى قِرْطَاسٍ﴾ [الأنعام: ٧]

अर्थः “यदि हामीले तिमीमाथि कागजमा लेखिएको कुनै ग्रन्थ उतारेको भए ..।” (सूरह अल्–अनआमः ७)

....... आफ्ना हातहरूले छुन्थे तब पनि यी नास्तिकहरूले यसलाई अस्वीकार गर्दै भन्थे कि यो त स्पष्ट जादू हो ।

अल्लाह तआलाले किताबलाई एक चिज बताउनुभएको छ र किरतास (कागज) लाई एक अर्को चिज बताउनुभएको छ ।

अल्लाहले यो प्रमाणित गर्दै भन्नुभन्नुभएको छ कि, कलम कुर्‌आनलाई लेख्नेवाला एक सृष्टिको चिज भएपनि कुर्‌आन उहाँको वाणी हो र जुन मसीले लेखिएको छ त्यो पनि सृष्टि नै हो । जस्तै कि अल्लाह तआलाले भन्नुभएको छः

﴿وَلَوْ أَنَّمَا فِى ٱلْأَرْضِ مِن شَجَرَةٍ أَقْلَٰمٌ وَٱلْبَحْرُ يَمُدُّهُۥ مِنۢ بَعْدِهِۦ سَبْعَةُ أَبْحُرٍ مَّا نَفِدَتْ كَلِمَٰتُ ٱللَّهِ﴾ [لقمان: ٢٧]

अर्थः “धरतीमा जति रुखहरू छन् यदि ती सबै रुखहरू कलम हुन्छन् र समस्त समुद्र (को पानी) मसी हुन्छ, त्यसपछि अन्य सात समुद्र भए पनि अल्लाहका कलाम (वाणीहरू) समाप्त हुनेछैनन् ।” (सूरह लुकमानः २७)

अनि भन्नुभएको छः

﴿قُل لَّوْ كَانَ ٱلْبَحْرُ مِدَادًا لِّكَلِمَٰتِ رَبِّى لَنَفِدَ ٱلْبَحْرُ قَبْلَ أَن تَنفَدَ كَلِمَٰتُ رَبِّى وَلَوْ جِئْنَا بِمِثْلِهِۦ مَدَدًا﴾
[الكهف: ١٠٩]

अर्थः "भनिदेऊ, कि मेरो पालनकर्ताका कुराहरू (वाणीहरू) लेख्नको निम्ति समुद्र मसी बनिहालोस् तैपनि मेरो पालनकर्ताका कुराहरू सकिनुभन्दा अगाडी नै त्यो सकिनेछ, चाहे त्यो जस्तै अर्को समुद्र हामीले त्यसको मद्दतको लागि किन न ल्याउँ ।" (सूरह अल्–कहफ: १०९)

तसर्थ कलमले जो लेखेको छ र जो लेखेको छैन, ती सबै बिना कुनै भिन्नताको साथ अल्लाहका वाणीहरू हुन् ।

जसले यो भन्छ कि अल्लाहको कलाम (वाणी) अल्लाहको सृष्टि हो त उसले कुफ्र गर्यो । किनकि अल्लाहको वाणी अल्लाहको विशेषताहरू मध्येको एक हो । अल्लाहले आफ्नो विशेषता र सृष्टिको बिचमा फरक गर्नुभएको छ । जस्तै कि भन्नुभएको छः

﴿إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِى خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِى سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يُغْشِى ٱلَّيْلَ
ٱلنَّهَارَ يَطْلُبُهُۥ حَثِيثًا وَٱلشَّمْسَ وَٱلْقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ ۗ أَلَا لَهُ ٱلْخَلْقُ وَٱلْأَمْرُ ۗ تَبَارَكَ ٱللَّهُ رَبُّ
ٱلْعَٰلَمِينَ﴾ [الأعراف: ٥٤]

अर्थः "यसमा कुनै सन्देह छैन कि तिम्रो पालनकर्ता अल्लाह नै हुनुहुन्छ, जसले आकाशहरूलाई र पृथ्वीलाई छ दिनमै सृष्टि गर्नुभयो र त्यसपछि आफ्नो राज सिंहासनमा आसन ग्रहण गर्नुभयो । उहाँले नै रातबाट दिनलाई यसरी ढाकिदिनुहुन्छ कि दिन रातको पछि दौडेर आउँछ अनि सुर्य, चन्द्रमा र ताराहरूको यसरी सृष्टि गनुभयो कि सबै उहाँकै आदेशको अधिनमा हुन्छन् । सुन ! सम्पूर्ण सृष्टि उहाँकै हो र आदेश पनि उहाँकै हो । उहाँ सर्वगुण सम्पन्न हुनुहुन्छ जो सम्पूर्ण ब्रम्हाण्डको स्वामी हुनुहुन्छ ।" (सूरह अल्–आराफ: ५४)

अल्लाह तआलाले आफ्नो सृष्टिको र आफ्नो आदेशको बिचमा फरक बयान गर्नुभएको छ । आकाश, जमीन, सुर्य, चन्द्रमा, ताराहरू अल्लाहका सृष्टि हुन् र उहाँको आदेश अल्लाहको वाणी हो । अल्लाहले



आदेशको माध्यमबाट सृष्टिका सम्पूर्ण वस्तुलाई अस्तित्वमा ल्यानुभयो र यही अर्थ हो आयतको यस हिस्साको ﴿مُسَخَّرَٰتٍۭ بِأَمْرِهِۦٓ﴾ ।

अल्लाहले दुबै ओंठहरू, जिब्रो, गला (घाँटी), स्वास, थुक र यिनीहरूको चाललाई पैदा गर्नुको साथ–साथै पाठकहरूको आवाज बनाउनुभयो, जसबाट उनीहरूले पढछन् । पढदा सुनिने आवाज उनीहरूको भए पनि वाणी (भनाइ) अल्लाहकै हो । अल्लाहले भन्नुभएको छः

﴿وَقَدْ كَانَ فَرِيقٌ مِّنْهُمْ يَسْمَعُونَ كَلَٰمَ ٱللَّهِ﴾ [البقرة: ٧٥]

अर्थः "उनीहरूमध्ये केही यस्ता पनि छन् जो अल्लाहको कलाम सुन्छन् ।" (सूरह अल्–बकरह: ७५)

यस आयतमा "मस्मउअ् कलाम् अल्लाह" छ, केही कारी (पाठक) यसलाई आफ्नो स्वरमा पढ्छन् तर भनाइ अल्लाहको हो । जस्तै कि केही धर्मविदहरू भन्छन्:

الصَّوْتُ صَوْتُ الْقَارِي، وَالْكَلَامُ كَلَامُ الْبَارِي.

अर्थः आवाज त कारीको आवाज हो, तर भनाइ अल्लाह तआलाको हो ।

# अध्यायः– ८
# मानव विवेक र अल्लाहको वाणी

अल्लाहबाट प्राप्त ज्ञान र सही विवेकबाट इस्लामको वास्तविक ज्ञान प्राप्त हुन्छ। त्यसैले यदि मात्र अल्लाहको वाणी छ तर त्यसलाई सम्झन सक्ने विवेक नै छैन भने वाणीबाट कुनै फाइदा लिन सकिंदैन, त्यस्तै मात्र विवेक छ तर अल्लाहको वाणी छैन भने पनि मानव विवेकले त्यसबाट फाइदा उठाउन सक्दैन। दुबैमध्ये कुनै एकमा कुनै किसिमको कमी भएको अवस्थामा वास्तविकताको समझमा कमी आउँछ। यदि दुबै स्पष्टरुपमा परस्पर विरोधी छन् अथवा दुबैमा टकराव छ भने मानव विवेकमाथि अल्लाहको वाणीलाई प्राथमिकता दिइयोस्। किनकि वाणी (कुर्आन र सुन्नत) को सम्बन्ध पूर्णतया सृष्टिकर्ताको ज्ञानबाट हुन्छ र विवेकको सम्बन्ध सृष्टिका प्राणीको अधुरो ज्ञानबाट हुन्छ।

विवेक र वाणीलाई दृष्टि र ज्योतीसँग तुलना गर्न सकिन्छ। कुनै व्यक्ति आफ्नो दुबै आँखाको दृष्टि हुँदाहुँदै पनि रातको अँध्यारोमा आँखाबाट फाइदा उठाउन सक्दैन, त्यस्तै कुनै व्यक्ति आफ्नो बुद्धि–विवेक हुँदाहुँदै पनि वही (अल्लाहको वाणी) बिना मात्रै विवेकद्धारा फाइदा उठाउन सक्दैन। त ज्योतीको मापदण्डको अनुसार आँखालाई मार्ग दर्शन हुन्छ र वहीको (वाणी) को मापदण्ड अनुसार विवेकलाई जानकारी मिल्छ। यदि विवेक र वाणी पूर्णरुपमा छन् भने पूर्ण मार्गदर्शन र ज्ञान प्राप्त हुन्छ। जस्तैः दिनको मध्यान्हको समयमा प्रत्येक चिज स्पष्ट देखिन्छ। अल्लाह तआलाले भन्नुभएको छ:

﴿أَوَمَن كَانَ مَيۡتٗا فَأَحۡيَيۡنَٰهُ وَجَعَلۡنَا لَهُۥ نُورٗا يَمۡشِي بِهِۦ فِي ٱلنَّاسِ كَمَن مَّثَلُهُۥ فِي ٱلظُّلُمَٰتِ﴾ [الأنعام: ١٢٢]

अर्थः “त्यसतो व्यक्ति जो पहिले मृत थियो फेरि हामीले उसलाई जिउँदो गर्यौं अनि उसको लागि प्रकाश उपलब्ध गरायौं जसको सहायताले उ मानिसहरूको बिचमा हिंडडुल गर्ने गर्दछ । के यस्तो व्यक्ति त्यस व्यक्तिको समान हुन सक्छ, जो अँध्यारोमा छ र कुनै पनि तरिकाले बाहिर निस्कन सक्दैन?” ( सूरह अनआम: १२२)

बुद्धिमान व्यक्तिहरूले आफ्नो विवेकको माध्यमले सांसारिक फाइदा उठाउँछन् र जिविकोपार्जन गरिरहेका हुन्छन् । त्यस्तै यस धरतीलाई छोडेर आकाशमाथि उडने पंक्षी र जमीनमा चल्ने जनावरहरूले पनि फाइदा उठाउँछन्। जस्तै– केही चारा चर्न र मद्दतको लागि चल्छन्, एक ठाउँमा जम्मा हुन्छन्, अनि आपसमा एक अर्कालाई चिन्छन् र आफ्नो बासस्थानको बाटो देखाउँछन्, आफ्नो गुँड स्वयं बनाउँछन् र आफ्नो शत्रुलाई पनि राम्रोसँग चिन्छन् । रहयो कुरा मानिसको त ऊ आफ्नो विवेकले मात्र विस्तृतरुपमा आफ्नो रब (पालनकर्ता) को सही मार्गदर्शन तबसम्म पाउन सक्दैन, जबसम्म अल्लाहको सन्देष्टामाथि पालनकर्ताको तर्फबाट अवतरित वहीद्वारा उसको हृदय उज्यालो हुँदैन र यसबाहेक कुनै अरु माध्यमद्वारा त्यहाँसम्म मार्गदर्शन सम्भव नै छैन। यसबाट यो थाहा भयो कि अल्लाहद्वारा अवतरित वहीको ज्ञान बिना ऊ पथभ्रष्टता र अँध्यारोमा नै हुन्छ । अल्लाह तआलाले भन्नुभएको छ:

﴿ٱللَّهُ وَلِيُّ ٱلَّذِينَ ءَامَنُواْ يُخۡرِجُهُم مِّنَ ٱلظُّلُمَٰتِ إِلَى ٱلنُّورِۖ وَٱلَّذِينَ كَفَرُوٓاْ أَوۡلِيَآؤُهُمُ ٱلطَّٰغُوتُ يُخۡرِجُونَهُم مِّنَ ٱلنُّورِ إِلَى ٱلظُّلُمَٰتِ﴾ [البقرة: ٢٥٧]

अर्थः “आस्थावानहरूको संरक्षक (मित्र) अल्लाह स्वयं हुनुहुन्छ, उहाँले तिनीहरूलाई अँध्यारोबाट निकालेर उज्यालो तिर लैजानुहुन्छ र अनास्थावान (अवज्ञाकारी) हरूको साथी शैतानहरू हुन्, उनीहरूले तिनलाई उज्यालोबाट निकाली अँध्यारो तिर लैजान्छन् ।” (सूरह अल्–बकरह: २५७)

यस आयतमा अल्लाह तआलाले भन्नुभएको छ ﴿يُخۡرِجُهُم﴾ “युख्रिजुहुम्” यानी अल्लाहले उनीहरूलाई निकाल्नु हुन्छ । यसबाट यो स्पष्ट भयो कि उनीहरू अल्लाहलाई छोडेको कारण अन्धकारमा फसेका छन् । अर्को मनन योग्य कुरा ज्योती (उज्यालो) एउटै हुन्छ चाहे उसको रुप अलग–अलग किसिमको किन नहोस्, जस्तै लाइट र आगो । त्यस्तै वही एउटै हो चाहे उसको रुप अलग–अलग होस् । जस्तैः कुर्आन र सुन्नत । अल्लाह तआलाले भन्नुभएको छः



﴿يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ﴾ [النساء: ٥٩]

अर्थः “ए मोमिनहरू ! अल्लाहको आदेशको पालन गर र रसूलको आदेशको पालन गर ।” (सूरह अन्–निसा ४: ५९)

यदि कसैले यो दाबी गर्छ कि उसले अल्लाहको वहीको बिना मात्र आफ्नो विवेकको आधारमा अल्लाहको मार्गदर्शन प्राप्त गर्नसक्छ, त उसको उदाहरण त्यस व्यक्तिको समान छ, जो यो दाबी गर्छ कि कुनै उज्यालो बिना उसले अँध्यारोमा आफ्नो बाटो देख्नसक्छ । त यी दुबैले एक वास्तविक सत्यतालाई इन्कार गरे । त्यसैले पहिलो व्यक्ति दीन (धर्म) बिनाको र दोस्रो व्यक्ति दुनियाँ बिनाको मानिन्छ ।

अल्लाहले आफ्नो वहीलाई नूर (ज्योती) को संज्ञा दिनुभएको छ, जसबाट प्रत्येक प्राणी मार्गदर्शित हुन्छन् । अल्लाह तआलाले भन्नुभएको छ:

﴿فَٱلَّذِينَ ءَامَنُواْ بِهِۦ وَعَزَّرُوهُ وَنَصَرُوهُ وَٱتَّبَعُواْ ٱلنُّورَ ٱلَّذِيٓ أُنزِلَ مَعَهُۥٓ أُوْلَٰٓئِكَ هُمُ ٱلۡمُفۡلِحُونَ﴾
[الأعراف: ١٥٧]

अर्थः “अतः जो मानिसहरू ती सन्देष्टामा विश्वास गर्छन्, उनको समर्थन गर्दछन् अनि उनको सहायता गर्दछन् र त्यस प्रकाशलाई मान्दछन् जो उनको साथमा पठाइएको छ। त्यस्ता मानिसहरू पूर्ण सफलता प्राप्तगर्नेहरू हुन ।” (सूरह अल्–आराफ: १५७)

अल्लाहले नै सन्देष्टाहरू र उनका अनुयायीहरूलाई मार्गदर्शित गर्नुहुन्छ ।

अल्लाहले जुन कामहरू गर्ने आदेश दिनुभएको छ र जुन काम कुराहरूबाट मनाही गर्नुभएको छ, त्यसलाई हामीहरू पूर्ण विश्वासको साथ पालना गर्दछौं । जुन कुराहरूको जानकारी हामीलाई दिनुभएको छ, त्यसलाई पनि पूर्णतया विश्वास गर्दछौं । हामीलाई त्यसको तत्वदर्शिता अथवा प्रमाण थाहा हुन्छ भने बिना कुनै शंकाको आस्था राख्छौं र हामीलाई त्यसको प्रमाण मिलेको छैन या त्यसको तत्वदर्शिताको बारेमा थाहा छैन भने पनि हामी त्यसमा पूर्णतया आस्था राख्छौं र जस्तो सुन्छौं त्यही अनुसार स्वीकार गर्दछौं । सबै विवेकले सबै चिजहरूको बारेमा वास्तविक ज्ञान प्राप्त गर्नसक्दैन विवेकले जुन चिजहरूको बारेमा वास्तविक ज्ञान नै हासिल गर्नसक्दैन त विभिन्न धारणका मानिसहरुको एकमत कसरी हुनसक्छ?

जो व्यक्ति यो भन्छ कि हामीहरू अल्लाहका तिनै आदेशहरूमाथि ईमान ल्याउँछौं, जुन कुराहरूलाई दिमाग (विवेक) ले मान्दछ अथवा स्वीकार गर्छ र ती आदेशहरूमाथि ईमान ल्याउँदैनौ जसलाई हाम्रो दिमागले स्वीकार गर्दैन। त त्यो व्यक्तिले वाणी (कुर्आन र सुन्नत) माथि विवेकलाई प्राथमिकता दियो। जसलाई उसको दिमागले स्वीकार गर्न सक्दैन त्यो सही छैन भन्नु त अर्थहीन कुरा हो । वास्तविकता त यो हो कि मानव प्रकृतिले त्यसको ज्ञान प्राप्त गर्नै सकेको छैन । किनकि त्यसको एक निश्चित सीमा छ त्यहाँसम्म पुगेर त्यो रुक्छ या समाप्त हुन्छ । जस्तै दृष्टिको एक सीमा हुन्छ जहाँ पुगेर त्यो समाप्त हुन्छ । दृष्टिको देख्ने क्षमता समाप्त भएर न त यो ब्रम्हाण्ड न यसको अस्तित्व समाप्त हुन्छ अथवा न ब्रम्हाण्ड छैन भन्न सकिन्छ। त्यसतै कानको सुन्ने क्षमताको पनि एक सीमा छ तर त्यसको सुन्ने क्षमता समाप्त भएको कारण आवाज समाप्त हुँदैन । त्यसतै कमिलाको पनि आवाज हुन्छ जो सुन्न सकिंदैन । यस ब्रम्हाण्डमा कैयौं आकाश र ताराहरू छन् जो देखिंदैनन ।



# अध्यायः – ९
# इस्लामी शरीअत (कानुन)

शरीअत (कानुन) मात्र अल्लाहको चल्छ, उहाँले आफ्नो ज्ञान र तत्वदर्शिताद्वारा जे चाहनु हुन्छ वैध गर्नुहुन्छ र जे चाहनुहुन्छ अवैध गरिदिनु हुन्छ । उहाँको कानुन दीन (धर्म) र दुनियाँको सुधारको लागि हो । अल्लाहद्वारा निर्धारित कानुन र आदेश कुनै पनि ठाउँ या जमानामा कसैले पनि अल्लाहको आदेश बिना समाप्त गर्न सक्दैन । धार्मिक र सांसारिक विषयमा उहाँले जुन कानुन बनाउनुभएको छ, तिनीहरूलाई हमीले अलग–अलग गर्नु जायज छैन । किनकि ती सबै धार्मिक र सांसारिक आदेश तथा नियमहरू हुन् ।

- दीनी (धार्मिक) आदेश तथा कामहरू जस्तैः नमाज, रोजा, जकात, हज, जिक्र, कुर्बानी, मस्जीदहरू बनाउनु ..... आदि ।
- सांसारिक कामहरू जस्तैः माता पिताको सेवा, किनबेच गर्नु, निकाह, तलाक, सम्पति बाँटफाँट (मिरास) ..... आदि ।

ज्ञात रहोस् कि जसले यी दुबैलाई अलग–अलग गर्ने कोसिस गर्छ, उसले धार्मिक नियम र कानुनलाई अल्लाहको लागि खास गर्छ र सांसारिक नियम र कानुन अल्लाहलाई छोडेर अन्य कसैको नाममा खास गर्छ, उसको यस्तो कामको कारण ऊ काफिर हो। किनकि शरीअत (कानुन) पूर्णरुपमा अल्लाहकै हो । यदि उसले त्यस अधिकारमा कुनै अरुलाई हकदार बनाउँछ भने उसको उदाहरण त्यस व्यक्तिको समान हो जसले सज्दामा कुनै अरुलाई हकदार बनाएर त्यसलाई सज्दा गर्ने गर्छ । अल्लाह तआलाले भन्नुभएको छः

﴿إِنِ ٱلۡحُكۡمُ إِلَّا لِلَّهِۚ أَمَرَ أَلَّا تَعۡبُدُوٓاْ إِلَّآ إِيَّاهُ﴾ [يوسف: ٤٠]

अर्थः अल्लाहको आदेश छ कि तिमीहरू अल्लाह बाहेक अरु कसैको उपासना नगर। (सूरह यूसुफ: ४०)

बनी ईसराईलले यस्तै किसिमको कुफ्र गरेका थिए । अल्लाहले आफ्नो यस भनाइमा बनी ईसराईलको चर्तिकला स्पष्ट गर्नुभएको छ:

﴿ٱتَّخَذُوٓاْ أَحۡبَارَهُمۡ وَرُهۡبَٰنَهُمۡ أَرۡبَابًا مِّن دُونِ ٱللَّهِ وَٱلۡمَسِيحَ ٱبۡنَ مَرۡيَمَ وَمَآ أُمِرُوٓاْ إِلَّا لِيَعۡبُدُوٓاْ إِلَٰهًا وَٰحِدًاۖ لَّآ إِلَٰهَ إِلَّا هُوَۚ سُبۡحَٰنَهُۥ عَمَّا يُشۡرِكُونَ﴾ [التوبة: ٣١]

अर्थः "यिनीहरूले अल्लाहलाई छोडी आफ्ना पादरी, सन्तहरू र मरियमको छोरा मसीहलाई आफ्ना प्रभू बनाए, जबकि यिनीहरूलाई एक्लो पूज्य अल्लाहकै उपासनाको आदेश दिइएको थियो, जसबाहेक कोही सत्य पूज्य छैन। उहाँ उनीहरूको मिलावट (शिर्क) बाट मुक्त हुनुहुन्छ।" (सूरह त्तौबा: ३१)

अल्लाहले आफ्नो यस भनाइमा बनी ईसराईलको यो कामलाई शिर्कको नाम दिनुभएको छ।

अल्लाहले आफ्नो किताब अवतरित गर्नुभयो र विधान (शरीअत) बनाउनुभयो । उहाँलाई आगामी सबै स्थिति र बितेका सबै घटनाहरूको बारेमा राम्रोसँग थाहा छ। जब उहाँले शरीअत (विधान) बनाउनु भएको थियो त्यस बेला पनि वर्तमान, भूत र भविष्यका सबै घटनाहरूबारे राम्रोसँग अवगत हुनुहुन्थ्यो । उहाँको ज्ञान कुनै घटना या दुर्घटनाले कम हुँदैन न त त्यो बिगतको समयमा घटित भएको कारणले न त वर्तमान समयमा घटित भएको कारणले, न कुनै घटना घटेको कारणले अल्लाहको ज्ञानमा बढोत्तरी हुन्छ। यसबाट यो थाहा भयो कि अल्लाहलाई बिगत होस् या वर्तमान होस्, परोक्ष (अदृष्य) होस् या दृष्य होस् सबैको बारेमा पूर्ण जानकारी छ।

यदि कसैको यो आस्था छ कि अल्लाहको आदेश मात्र त्यस समयको लागि उत्तम छ जुन समयमा त्यो आदेश आयो र अर्को समय (युग) मा



मानिसहरूले जो राम्रो सम्झन्छन् नयाँ कानुन बनउन सक्छन्, चाहे त्यो कानुन अल्लाहको कानुनको विपरित नै किन नहोस्, त यो कुफ्र हो । किनकि मानिसहरूको समझ बर्तमानमा भईरहेको कुराहरूको ज्ञान र बिगतमा भएका कामकुराहरूको बीच बदलिरहन्छ । त्यसैले यसको आधारमा आदेशहरू बदलिनु निश्चित छ । अनि उसमा एक गलत धारणा उत्पन्न हुन्छ कि अल्लाहको मामिला (विशेषता) पनि त्यसतै नै हो । फेरि मानिसले आफ्नो वर्तमानको ज्ञानको आधारमा वही अवतरण गर्दाको समयको अल्लाहको त्यस बिगतको ज्ञानमाथि आफ्नो यो धारणा (बदलिंदो नियम) लाई प्राथमिकता दिन्छ त्यसैले यो कुफ्र र शिर्क हो। जबकि कुनै पनि वस्तुहरूको विषयमा अल्लाहको ज्ञान वर्तमान तथा विगतमा एकै किसिमको हुन्छ तथा पूर्ण छ । अल्लाह तआलाले भन्नुभएको छ:

﴿عَٰلِمِ ٱلۡغَيۡبِ وَٱلشَّهَٰدَةِ فَتَعَٰلَىٰ عَمَّا يُشۡرِكُونَ﴾ [المؤمنون: ٩٢]

अर्थः उहाँले दृष्य–अदृष्य सबैकुरा जान्नुहुन्छ र जो उहाँको साथमा अन्यलाई साझी ठहराउँछन् त्यसबाट उहाँ पवित्र हुनुहुन्छ। (सूरह अल्–मोमिनुन्: ९२)

अल्लाहको आदेश वर्तमानमा पनि ठिक त्यसतै किसिमको छ, जस्तो कि उहाँको विगतको आदेश थियो । जस्तै अल्लाह तआलाले भन्नुभएको छ:

﴿قُلِ ٱللَّهُمَّ فَاطِرَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضِ عَٰلِمَ ٱلۡغَيۡبِ وَٱلشَّهَٰدَةِ أَنتَ تَحۡكُمُ بَيۡنَ عِبَادِكَ فِي مَا كَانُواْ فِيهِ يَخۡتَلِفُونَ﴾ [الزمر: ٤٦]

अर्थः "(ए मुहम्मद) तिमी भनिदेऊ कि ए अल्लाह ! आकाशहरू र धरतीको स्रष्टा, अदृष्य र प्रकट कुराहरूको ज्ञाता, तपाईं नै आफ्ना भक्तहरूमा ती कुराहरूको निर्णय गर्नुहुनेछ जसमा उनीहरूले विवाद गरिरहेका छन्।" (सूरह अल्–जुमर: ४६)

अल्लाहले आफ्ना उपस्थित र अनुपस्थित सबै भक्तहरूको

बारेमा आदेश दिनुभएको छ र जसले धार्मिक आदेश र सांसारिक आदेशलाई अलग गर्छ अनि अल्लाहलाई धर्मको कानुन बनाउनेवाला र मानिसलाई दुनियाँको कानुन बनाउनेवाला मान्छ, जस्तै कि प्रजातान्त्रिक दृष्टिकोणवाला मानिसहरूले भन्ने गर्दछन । त उसले कैयौं कानुन बनाउनेहरू मान्यो किनकि यहाँ कैयौं कानुन बनाउने व्यक्तिहरू छन् । जबकि कानुन बनाउने अधिकार मात्र अल्लाह एक्लैलाई छ चाहे त्यो धार्मिक होस् चाहे सांसारिक । अल्लाह तआलाले भन्नुभएको छः

﴿أَفَتُؤۡمِنُونَ بِبَعۡضِ ٱلۡكِتَٰبِ وَتَكۡفُرُونَ بِبَعۡضٖ﴾ [البقرة: ٨٥]

अर्थः "के तिमीहरू किताबका केही कुराहरू मान्छौ र केहीलाई इन्कार गर्छौ"? (सूरह अल्–बकर: ८५)

कुर्आनको केही भाग अथवा आयात इन्कार गर्नाले पुरै कुर्आनको इन्कार हुनजान्छ । अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लममाथि अल्लाहको तर्फबाट जो किताब र हिक्मत (तत्वदर्शिता) अवतरित गरिएको छ, त्यसको अनुसार अल्लाह तआलाले मानिसहरू बीच फैसला गर्न आदेश दिनुभएको छ । अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَأَنِ ٱحۡكُم بَيۡنَهُم بِمَآ أَنزَلَ ٱللَّهُ وَلَا تَتَّبِعۡ أَهۡوَآءَهُمۡ وَٱحۡذَرۡهُمۡ أَن يَفۡتِنُوكَ عَنۢ بَعۡضِ مَآ أَنزَلَ ٱللَّهُ إِلَيۡكَ﴾ [المائدة: ٤٩]

अर्थः "तिमी उनीहरूको झगडामा अल्लाह तआलाद्वारा अवतरित वहीको अनुसार फैसला गरिदिनु, उनीहरूको चाहनाको अनुसरण नगर्नु र तिनीहरूबाट सावधान रहनु, कहीं उनीहरूले जुन आदेश अल्लाहले दिनुभएको छ त्यसमध्ये केहीबाट तिमीलाई बिचलित न गराउन् ।" (सूरह मायदा: ४९)

यस आयातमा मानिसहरूको बिचमा फैसलाको जो आदेश छ, त्यो उनीहरूको झगडा र उनीहरूको बिचमा उत्पन्न हुने आपसी मतभेदहरूमा फैसला गर्नु हो र फित्ना (फसाद) को अर्थ अल्लाहको आदेशबाट बाहिर निस्कनु अथवा पछी हट्नु हो ।



जब वही (अल्लाहको आदेश) कुनै विषयवस्तुको व्याख्यामा चुप छ अथवा त्यस विषयवस्तुको बारेमा पूर्ण व्याख्यात्मकरुपमा आदेश आएको छैन भने "मुज्तहिद" (त्यस कुर्आनी आयातको आधारमा आंकलन गर्ने) हरूलाई यस कुराको व्याख्या गर्ने अनुमति छ । तर स्पष्ट व्याख्याको लागि शर्त यो छ कि अल्लाहको कुनै पनि स्पष्ट तथा प्रमाणित आदेशको विपरीत नहोस् ।

अल्लाहको आदेशको विपरीत मानिसहरूको फैसला र उनीहरूद्वारा निर्मित निति निर्देशनहरू उत्तम सम्झेर कदापि त्यसलाई प्राथमिकता दिन सर्किदैन । चाहे साधारण मानिसहरूले त्यो भन्दा पहिले त्यस किसिमको फैसला गरेका किन नहोउन् । यदि यस्तो गरिन्छ भने त सम्पूर्ण नबीहरू असत्य ठहरिन्छन् अथवा उनीहरूको फैसला गलत मानिन्छ । किनकि उनीहरू त त्यसतो समुदायमा जन्मे र हुर्केका थिए जसले असत्यमथि भरोसा गरेका थिए या उनीहरूमध्ये अधिकतर संख्यामा मानिसहरू असत्य थिए ।

अल्लाहको आदेशको महानता अनि त्यसमाथि विश्वास एवं स्वीकारको लागि केही सलफ विद्वानहरूले फरुआी मसाईल (उपनियम अथवा मामिला) लाई अकीदाको किताबमा अलग जम्मा गरेका छन् र केही पथभ्रष्ट जमाअतहरूको इन्कारलाई मध्यनजर गर्दै ती विषय वस्तुहरूको बारेमा सही र बलियो प्रमाण पनि बयान गरिदिएका छन् । जस्तै कि दुबै मोजाहरूको मसह गर्नु, यात्राको समयमा नमाज कस्र गरेर अदा गर्नु, ईमामको साथमा रहेर जिहाद गर्नु चाहे त्यो नेक होस् या फाजिर, उपरोक्त मसाईलहरूमा हरेक समयमा नयाँ–नयाँ इच्छाका पुजारीहरूले टाउको उठाउने भएकोले यसका पनि नयाँ–नयाँ तौर तरिकाहरू तथा मसाइलहरू उठन थाल्दछन् ।

त्यसैले हामीहरू यस कुरामाथि पनि विश्वास गर्दछौं कि आइमाईको पर्दा मात्र रीतिरिवाज नभई एक उपासना हो र हामीहरू यस कुरालाई पनि स्वीकार गर्दछौं कि गैर मोहर्रम बाहेक स्त्री र पुरुषहरू एक ठाउँमा

जम्मा हुनु हराम हो, त्यसतै आस्थावानहरूको विरुद्ध नास्तिकहरूसँग मित्रता सही होइन, बिरासत (मृतकले छोडेर गएको सम्पतिको बाँडफाँड) मा छोराको तुलनामा छोरीको भाग आधा छ, पुरुषको तुलनामा स्त्रीको दियत (हत्याको बदलामा दिइने जरिमाना) आधा छ, किनकि दियत कुनै ज्यानको मुल्य होइन कि दुबैमा बराबरी गरियोस्। त्यसैले कुनै एक स्त्रीलाई जानिबुझि पुरुषहरूको एक समूहले हत्या गर्छन भने त्यस स्त्रीको किसास (हत्याको बदला) मा सबै पुरुषहरूको हत्या गरिन्छ । वास्तवमा दियत मृतकको ज्यानको क्षतिपुर्ति अथवा मुल्य होइन । यो त मात्र मृतकको आफन्तको लागि हृदयमा मलहम पट्टी लगाउनु मात्र हो । हामी यो पनि मान्छौ कि विवाहितहरूले गरेको आपसी गलत सम्बन्ध (व्यभिचार) को सजाय रज्म (ढुँगा हानेर मार्नु) हो। यी सबै अल्लाह तआलाले निर्णय गरिदिएको सजाय सीमा हुन् ।



# अध्यायः– १०
# भाग्यमाथि आस्था राख्नु

अल्लाह तआलाले प्राणीहरूको सृष्टिभन्दा पहिले नै तिनीहरूको भाग्यलाई तयार पार्नुभयो र प्रत्येक प्राणीलाई उसको निर्धारित भाग्यको अनुसार नै सृष्टि गर्नुभयो । यसको जानकारी अल्लाह तआलाले यसरी दिनु भएको छ:

﴿وَخَلَقَ كُلَّ شَيْءٍ فَقَدَّرَهُۥ تَقْدِيرًا﴾ [الفرقان: ٢]

अर्थः “(अल्लाहले) प्रत्येक चिजको सृष्टि गर्नुभयो र त्यसलाई ठीक क्रममा व्यवस्थित गर्नुभयो ।” (सूरह अल्–फुरकान २५: २)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿إِنَّا كُلَّ شَيْءٍ خَلَقْنَٰهُ بِقَدَرٍ﴾ [القمر: ٤٩]

अर्थः “निश्चय नै हामीले हरेक कुराहरूलाई निर्धारित नाप र अनुमानमा सृष्टि गरेका छौं ।” (सूरअ अल्–कमर: ४९)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿وَكَانَ أَمْرُ ٱللَّهِ قَدَرًا مَّقْدُورًا﴾ [الأحزاب: ٣٨]

अर्थः “र अल्लाहको आदेश निश्चित भएको हुन्छ ।” (सूरह अल्–अहजाब: ३८)

अल्लाहले राम्रो–नराम्रो भाग्य तयार पार्नुभएको छ र यसमाथि हामीले आस्था राख्नुपर्छ भन्ने कुरा उमर रजिअल्लाहु अन्हुद्वारा बयान हदीसबाट पनि प्रमाणित हुन्छ । रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ:

«وَتُؤْمِنَ بِالْقَدَرِ خَيْرِهِ وَشَرِّهِ». (رواه مسلم: ٨)

अर्थः “तिमीहरू राम्रो र नराम्रो भाग्यमाथि आस्था राख” । (मुस्लिमः ८)

भाग्य निर्धारणको लागि अल्लाहको ज्ञान अनिवार्य छ, किनकि भाग्य मात्र त्यसले निर्धारण गर्नसक्छ, जसलाई यिनको बारेमा ज्ञान छ । त्यस्तै तिनीहरूको बारेमा बिस्तृत तथा सुक्ष्म कुराहरूको जानकारी, तिनको स्थान, तिनीहरूको घुमफिर तथा यात्रा, उनीहरूको जन्म तथा मृत्यु आदिको बारेमा मात्र उसैलाई जानकारी हुन सक्दछ, जसले यिनीहरूलाई सृष्टि गरेको हो । प्रमाण स्वरुप अल्लाहको यो भनाइ हेर्नुहोस्:

﴿لِتَعْلَمُوٓا أَنَّ ٱللَّهَ عَلَىٰ كُلِّ شَىْءٍ قَدِيرٌ وَأَنَّ ٱللَّهَ قَدْ أَحَاطَ بِكُلِّ شَىْءٍ عِلْمًا﴾ [الطلاق: ١٢]

अर्थः “तिमीहरूले यो कुरा जानिराख कि अल्लाह हरेक कुरामा सामर्थ्यसम्पन्न हुनुहुन्छ र अल्लाहले सबै कुराहरूलाई आफ्नो ज्ञानको घेरामा लिनुभएको छ ।” (सूरह अत्तलाक: १२)

अनि अर्को ठाउँमा भन्नुभएको छ:

﴿أَلَا يَعْلَمُ مَنْ خَلَقَ وَهُوَ ٱللَّطِيفُ ٱلْخَبِيرُ﴾ [الملك: ١٤]

अर्थः “के जसले सृष्टि गर्नुभएको छ, उहाँलाई जानकारी छैन,? जबकि उहाँ सूक्ष्मदर्शी र हरेक कुराबाट सुसूचित हुनुहुन्छ ।” (सूरह अल्–मुल्क: १४)

जसले भाग्यलाई इन्कार गर्छ, मानौं उसले अल्लाहको ज्ञानको इन्कार गर्छ र जसले अल्लाहको ज्ञानको इन्कार गर्छ, उसले अल्लाहद्वारा निर्धारित भाग्य (ईमानको एउटा आधार) लाई नै इन्कार गर्छ । किनकि यी दुबै एक अर्कासँग सम्बान्धित तथा अनिवार्य छन् ।

अल्लाहले सम्पूर्ण सृष्टिको भाग्य एक किताबमा सुरक्षित गर्नुभएको कुरा पनि अल्लाहका निम्न भनाइबाट प्रमाणित हुन्छ । भन्नुभएको छ:

﴿مَّا فَرَّطْنَا فِى ٱلْكِتَٰبِ مِن شَىْءٍ ثُمَّ إِلَىٰ رَبِّهِمْ يُحْشَرُونَ﴾ [الأنعام: ٣٨]



अर्थः “हामीले किताबमा लेख्न कुनै कुरा छोडेका छैनौं ।” (सूरह अल्–अनआम: ३८)

त्यसतै अर्को ठाउँमा भन्नुभएको छ:

﴿وَكُلَّ شَىْءٍ أَحْصَيْنَٰهُ فِىٓ إِمَامٍ مُّبِينٍ﴾ [يس: ١٢]

अर्थः “र हरेक कुरालाई हामीले एक स्पष्ट किताबमा लेखिसकेका छौं ।” (सूरह अल्–यासीन: १२)

अल्लाहका सृष्टिहरू दुई किसिमका छन्

१. त्यसता अधिनस्थ प्राणीहरू जसलाई कुनै पनि मनमानीको अधिकार छैन । जस्तै: आकाश र त्यसमा भएका चिजहरू ।

२. त्यसता प्राणीहरू जसको आफ्नो धारणा तथा अधिकार छ, जस्तै: मानिसहरू, जिन्नातहरू र फरिस्ताहरू ।

स्वनिर्णयको अधिकार प्राप्त प्राणीहरूलाई अल्लाहले जबरजस्ती कुनै काममा बाध्य गर्नुहुन्न, जसको कारण उनको गल्तीमा उनलाई यातना दिइयोस् । तर उनीहरू बिना संचालक स्वयं सबै कुराहरूमा पूर्ण सामर्थ्यवान भने हुँदैनन्। यदि उनीहरूलाई सम्पूर्ण कर्म र आस्थामा छुट दिइयो भने अल्लाहको साझी बन्नेछन् । त्यसैले अल्लाहले उनीहरूको अवस्था र विशेषतालाई आफ्नो हालत र विशेषताको अधिनस्थ गर्नुभएको छ । अल्लाहको भनाई छ:

﴿إِنْ هُوَ إِلَّا ذِكْرٌ لِّلْعَٰلَمِينَ ﴿٢٧﴾ لِمَن شَآءَ مِنكُمْ أَن يَسْتَقِيمَ ﴿٢٨﴾ وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلْعَٰلَمِينَ﴾ [التكوير: ٢٨ - ٢٩]

अर्थः “यो त सम्पूर्ण संसारको लागि मार्गदर्शन हो । खास गरी तिमीहरूमध्ये सोझो बाटोमा हिंड्ने व्यक्तिहरूको लागि र तिमीले ब्रम्हाण्डको पालनकर्ताले नचाहिकन केही पनि चाहन सक्दैनौ ।” (सूरह अल्–इन्फितार: २७,२८,२९)

अल्लाह भक्तहरू र उनीहरूको कर्म दुबैको सृष्टिकर्ता

हुनुहुन्छ। इब्राहीम अलैहिस्सलामको भनाइलाई उदघृत गर्दै अल्लाहले भन्नुभएको छ:

﴿ قَالَ أَتَعۡبُدُونَ مَا تَنۡحِتُونَ ٩٥ وَٱللَّهُ خَلَقَكُمۡ وَمَا تَعۡمَلُونَ ﴾ [الصافات: ٩٥ – ٩٦]

अर्थः "(इब्रहीम अलैहिस्सलामले) सोधे के तिमीहरू त्यसको पूजा गर्छौ? जसलाई तिमीहरूले स्वयं कुँदेर बनाउँछौ। जब कि तिमीलाई र तिमीले बनाएका कुराहरूलाई अल्लाहले नै सृष्टि गर्नुभएको हो।" (सूरह सफ्फात: ९५,९६)

अल्लाह तआलाले कारण र कारक तयार गर्नुभएको छ। यो अल्लाहको विस्तृत ज्ञानको अभिलाषा हो। अनि यो ब्रम्हाण्डलाई व्यवस्थित तरिकाले चलाउनुमा उहाँको महानता र तत्वदर्शिता छ।

अल्लाहद्वारा बनाइएको भाग्यका जुन वास्तविकता र तत्वदर्शितालाई मानव विवेकले सम्झंदैन तिनलाई समझमा आएन भनेर आधार बनाई भाग्यमाथि आस्था नराख्नु कसैको लागि पनि उचित छैन। किनकि यस्ता कति तत्वदर्शितापूर्ण कुराहरू छन् जो मानव विवेकले सम्झन नसक्ने छन्। मानव विवेक भाँडो जस्तो हो जसमा सबै चिजहरू अटाउन सक्दैनन्। उदाहरणको लागि समुद्रको पानीलाई कुनै भाँडोमा समेटेर राख्न सर्किदैन यदि त्यसमाथि त्यो पानी खन्याइन्छ भने त्यसलाई पानीले आफ्नो लपेटमा लिएर बगाएरै लैजान्छ या नचिताएको परिणाम गराइदिन्छ।

अल्लाहको सृष्टिका केही तत्वदर्शिता त यस्ता छन्, तिनमाथि सोंच विचार गर्दा मात्र आश्चर्यजनकता नै मिल्छ। त्यसको उदाहरण यस्तो छ जस्तै दोपहरको समयमा धेरैबेर सम्म सुर्यलाई हेरिरहनाले आँखामा कष्ट, दुखाई र अनौठोपन भन्दा अरु केही पनि मिल्दैन।



# अध्यायः– ११
# मृत्यु अकाट्य सत्य हो

मृत्यु एक अकाट्य सत्य हो। अल्लाह तआलाले भन्नुभएको छ:

﴿كُلُّ مَنۡ عَلَيۡهَا فَانٖ ٢٦ وَيَبۡقَىٰ وَجۡهُ رَبِّكَ ذُو ٱلۡجَلَٰلِ وَٱلۡإِكۡرَامِ ﴾ [الرحمن: ٢٦ – ٢٧]

अर्थः "यस धरतीमा जो पनि चिजहरू छन् सबै नाशवान छन्। तर तिम्रो पालनकर्ताको प्रतिष्ठित र सम्मानित अनुहार (व्यक्तित्व) बाँकी रहनेवाला छ।" (सूरह अर्रहमान: २६,२७)

कुर्‌आनको शिक्षाको उज्यालोमा मृत्यु पश्चात घटने घटनाहरूमध्ये जुन कुराहरूमाथि ईमान ल्याउनु अनिवार्य छ। तीमध्ये–

- कब्रको फित्ना (सवाल जवाफ), त्यसको यातना र त्यहाँ मिल्ने प्रतिफलमाथि ईमान राख्नु।
- मृत्यु पश्चात फेरी जिउँदो हुने र उठाइने कुरामा ईमान राख्नु।

अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَنُفِخَ فِي ٱلصُّورِ فَإِذَا هُم مِّنَ ٱلۡأَجۡدَاثِ إِلَىٰ رَبِّهِمۡ يَنسِلُونَ﴾ [يس: ٥١]

अर्थः "नरसिंघा (सूर) फुकिने बित्तिकै यिनीहरू सबै आफ्ना चिहानबाट निस्केर आफ्नो प्रभूतिर दगुर्नेछन्।" (सूरह यासीन: ५१)

मृत्यु पश्चात फेरि जिउँदो हुने कुरामा शंका गर्ने व्यक्ति काफिर हो।

अल्लाह तआलाले भन्नुभएको छ:

﴿ وَأَمَّا ٱلَّذِينَ كَفَرُوٓاْ أَفَلَمۡ تَكُنۡ ءَايَٰتِي تُتۡلَىٰ عَلَيۡكُمۡ فَٱسۡتَكۡبَرۡتُمۡ وَكُنتُمۡ قَوۡمٗا مُّجۡرِمِينَ ٣١ وَإِذَا قِيلَ إِنَّ وَعۡدَ ٱللَّهِ حَقّٞ وَٱلسَّاعَةُ لَا رَيۡبَ فِيهَا قُلۡتُم مَّا نَدۡرِي مَا ٱلسَّاعَةُ إِن نَّظُنُّ إِلَّا ظَنّٗا وَمَا نَحۡنُ بِمُسۡتَيۡقِنِينَ﴾ [الجاثية: ٣١-٣٢]

अर्थः “र जसले कुफ्र गरे, (उनीहरूसित भनिने छ) के हाम्रा आयतहरू तिमीलाई पढेर सुनाइदैनथ्यो? तर तिमीले घमण्ड गर्यौ र तिमीहरू अपराधी मानिसहरू नै थियौ । अनि जब भनिन्थ्यो कि अल्लाहको वचन बिल्कुलै सत्य हो र कयामतमा (महाप्रलयमा) कुनै सन्देह छैन, त तिमी भन्दथ्यौ कि हामीलाई थाहाछैन कि कयामत के हो? हामीलाई त मात्र कल्पना जस्तो प्रतित हुन्छ र हामी विश्वास गर्दैनौं।” (सूरह जासिया: ३१, ३२)

त्यसतै परलोकलाई झुटलाउने वा परलोकको इन्कार गर्ने व्यक्ति पनि काफिर हो । अल्लाहले भन्नुभएको छ:

﴿بَلۡ كَذَّبُواْ بِٱلسَّاعَةِۖ وَأَعۡتَدۡنَا لِمَن كَذَّبَ بِٱلسَّاعَةِ سَعِيرًا﴾ [الفرقان: ١١]

अर्थः “कुरा यो हो कि यिनीहरूले त कयामतलाई नै झुटो भनि राखेका छन् । र हामीले कयामतलाई झुटो भन्नेहरूको निम्ति नर्कमा आगो तयार राखेका छौं ।” (सूरह अल्–फुर्कान: ११)

❁ कयामतको दिनमा हुने हिसाबमा ईमान ल्याउनु:

अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَنَضَعُ ٱلۡمَوَٰزِينَ ٱلۡقِسۡطَ لِيَوۡمِ ٱلۡقِيَٰمَةِ فَلَا تُظۡلَمُ نَفۡسٞ شَيۡـٔٗاۖ وَإِن كَانَ مِثۡقَالَ حَبَّةٖ مِّنۡ خَرۡدَلٍ أَتَيۡنَا بِهَاۗ وَكَفَىٰ بِنَا حَٰسِبِينَ﴾ [الأنبياء: ٤٧]

अर्थः “हामीले कयामतको दिन उनीहरूको बीचमा ठीक-ठीक तौलको तराजु राख्नेछौं, अनि कुनै पनि व्यक्तिमाथि अन्याय हुनेछैन र एउटा रायोको दाना बराबर पनि कर्म छ भने हामीले त्यसलाई उपस्थित गराउनेछौं, अनि हामी हिसाब गर्नको निम्ति पर्याप्त छौं ।” (सूरह अल्–अम्बिया: ४७)

❁ परलोकको प्रतिफल (स्वर्ग र नर्कको प्रतिफल) माथि ईमान राख्नु:

अल्लाह तआलाले भन्नुभएको छ:

﴿فَأَمَّا ٱلَّذِينَ شَقُواْ فَفِي ٱلنَّارِ لَهُمۡ فِيهَا زَفِيرٞ وَشَهِيقٌ﴾ [هود: ١٠٦]



अर्थः “त जो अभागी हुनेछन्, तिनीहरू नर्कमा हालिनेछन् त्यसमा उनीहरू बिलाप गर्नेछन् र कराउनेछन् ।” (सूरतु हूद: १०६)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿وَأَمَّا ٱلَّذِينَ سُعِدُواْ فَفِي ٱلۡجَنَّةِ﴾ [هود: ١٠٨]

अर्थः “र जो भाग्यशाली छन्, तिनीहरू स्वर्गमा हुनेछन् ।” (सूरह हूद: १०८)

❁ काफिरहरू नर्क र मोमिनहरू स्वर्गमा रहने कुरामा ईमान राख्नु:

अल्लाह तआलाले भन्नुभएको छ:

﴿فَأَمَّا ٱلَّذِينَ كَفَرُواْ فَأُعَذِّبُهُمۡ عَذَابٗا شَدِيدٗا فِي ٱلدُّنۡيَا وَٱلۡأٓخِرَةِ وَمَا لَهُم مِّن نَّٰصِرِينَ ٥٦ وَأَمَّا ٱلَّذِينَ ءَامَنُواْ وَعَمِلُواْ ٱلصَّٰلِحَٰتِ فَيُوَفِّيهِمۡ أُجُورَهُمۡۗ وَٱللَّهُ لَا يُحِبُّ ٱلظَّٰلِمِينَ﴾ [آل عمران: ٥٦-٥٧]

अर्थः “फेरि अवज्ञाकारीहरूलाई यस संसार र परलोक दुबैमा कठोर सजाय दिनेछु अनि तिनीहरूको कोही सहायक हुनेछैन र जसले ईमान ल्याएर सत्कर्म गरिराखे, तिनलाई अल्लाहले पूर्णरुपले त्यसको प्रतिफल प्रदान गर्नुहुनेछ र अल्लाह अत्याचारीहरूलाई प्रेम गर्नुहुँदैन ।” (सूरह आले इमरान: ५६,५७)

कुर्आन र हदीसबाट प्रमाणित परलोकसँग सम्बान्धित सबै कुराहरूमाथि ईमान (आस्था) राख्नु अनिवार्य छ, जस्तै पुल सिरात, तराजु, कौसर नामको कुँवा (हौज कौसर), पुण्य र पापको कर्मपत्र आदि ।

❁ ❁ ❁

# अध्यायः– १२
# तत्कालिन इमाम र शासकको अनुसरण

जमाअत (संगठन) को साथमा रहनु अनिवार्य छ र ईमाम बिना जमाअत बन्न सक्दैन । अल्लाहको आज्ञाको पालन गर्दै अथवा कुर्आन र हदीसको उज्यालोमा नै इमामको अनुसरण गरिन्छ । अल्लाह तआलाले भन्नुभएको छः

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ أَطِيعُواْ ٱللَّهَ وَأَطِيعُواْ ٱلرَّسُولَ وَأُوْلِي ٱلۡأَمۡرِ مِنكُمۡ ﴾ [النساء: ٥٩]

अर्थः "ए ईमानवालाहरू अल्लाहको आदेशको पालना गर र उहाँको रसूलका आदेशहरूको पालन गर अनि तिमीहरूमध्ये हाकिम (अधिकार प्राप्तहरूको) ।" (सूरह अन्-निसा: ५९)

अल्लाहको भनाई ﴿مِنكُمۡ﴾ "तिमीहरूमध्येको" को अर्थ मुस्लिमहरू मध्येकै हो । काफिर (नास्तिक) को ईमामत र उससँग बैअत (दिनी तथा सांसारिक मामिलाहरूको सम्बन्धमा प्रतिज्ञा) गर्नु सही छैन । काफिरको कुरा मात्र तिनै चिजहरूमा मान्नुपर्छ, जसमा आफ्नो र उनीहरूको भलाईको लागि मात्र नभई सम्पूर्ण जनमानसको सांसारिक भलाई होस् । अथवा जुन कुराहरूमा सम्पूर्ण मानिसहरूको भलाईको कुरा आउँछ तब मात्र काफिरहरूको कुरा मान्नु पर्छ ।

यदि शासक (हाकिम) मुसलमान इस्लामका धर्मविद होइनन् भने धर्मविदलाई चुनियोस् ताकि धार्मिक र सांसारिक मामिलाहरू ठीक रहुन् । अल्लाहले भन्नुभएको छः

﴿ وَإِذَا جَآءَهُمۡ أَمۡرٞ مِّنَ ٱلۡأَمۡنِ أَوِ ٱلۡخَوۡفِ أَذَاعُواْ بِهِۦۖ وَلَوۡ رَدُّوهُ إِلَى ٱلرَّسُولِ وَإِلَىٰٓ أُوْلِي ٱلۡأَمۡرِ مِنۡهُمۡ لَعَلِمَهُ ٱلَّذِينَ يَسۡتَنۢبِطُونَهُۥ مِنۡهُمۡ ﴾ [النساء: ٨٣]

अर्थः "जब तिनीहरू कहाँ शान्ति अथवा डरको कुनै समाचार आउँछ त त्यसलाई प्रसारित गर्न थाल्दछन् । जब कि त्यो समाचारलाई रसूल (सल्लल्लाहु अलैहि वसल्लम) र आफ्ना धार्मिक बुद्धिजिवीहरू कहाँ सुम्पेको भए तब उनीहरूले परिणाम निकालिएको कुराको सत्य–तथ्य थाहा पाउँथे ।" (सूरह अन्–निसाः ८३)

सांसारिक र धार्मिक मामिलाहरूको बारेमा धार्मिक विधानबाट सत्य तथ्यको खोजी तथा सही निष्कर्ष निकाल्नु धर्मविदहरूको काम हो। यो कुरा स्पष्ट रहोस् कि इस्लामीक धर्मविद बाहेक अन्य कसैले पनि ती मामिलाहरूको समाधानको तथ्य निकाल्न सकदैन । हाकिम या शासकको विरुद्ध बिद्रोह गर्नु उचित छैन न उसको आदेशमा झगडा गर्नु सही हो। उसको अत्याचारमा त्यस समयसम्म धैर्य गरियोस् जबसम्म उसले स्पष्टरुपमा कुफ्र (अवज्ञा) गर्न नलागोस् । बुखारी र मुस्लिममा उम्मुल मोमिनीन (मोमिनहरू कि आमा) उम्मे सलमा रजिअल्लाहु अन्हाद्वारा बयान हदीसमा छ कि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

«إِنَّهُ يُسْتَعْمَلُ عَلَيْكُمْ أُمَرَاءُ، فَتَعْرِفُونَ وَتُنْكِرُونَ، فَمَنْ كَرِهَ فَقَدْ بَرِئَ، وَمَنْ أَنْكَرَ فَقَدْ سَلِمَ، وَلَكِنْ مَنْ رَضِيَ وَتَابَعَ»، قَالُوا: يَا رَسُولَ اللهِ، أَلَا نُقَاتِلُهُمْ؟ قَالَ: «لَا، مَا صَلَّوْا».

अर्थः "तिमीहरूमाथि केही यस्ता शासक चुनिने छन् जसमा भलाई र शरीअतको सम्मत कुराहरू पनि पाउनेछौ र केहीमा शरीअतको विरोधी आचरण र गतिविधि पनि पाउनेछौ । त जसले यसलाई (गलतलाई) मन पराएन त्यो त्यसको पापबाट मुक्त हुनेछ र जसले त्यसको इन्कार गर्यो त्यो त्यसको अनुसरण र चाहतबाट मुक्त भयो । तर जसले त्यसको समर्थन गर्यो र अनुसरण गर्यो त्यो पापको भागिदार हुनेछ । मानिसहरूले भने: ए अल्लाहको (रसूल सल्लल्लाहु अलैहि वसल्लम) ! त के हामी उनीहरूसित लडाइ गरौं? उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: जबसम्म उनीहरूले नमाज कायम गरिरहने छन् तबसम्म नगर ।" (मुस्लिमः १८५४)



त्यस हाकिमलाई सर्वप्रथम बुद्धिमता र तत्वदर्शिताको साथमा उपदेश दिइयोस्, जसबाट कि अत्याचार तथा बिपत्ति समाप्त होस् या कमी होस् । न कि त्यसबाट दिलको भडास निकाल्ने र सन्तुष्टि प्राप्तीको उद्देश्य होस् । सहीह मुस्लिममा तमीम दारीद्वारा रिवायत छ कि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

«الدِّينُ النَّصِيحَةُ» قُلْنَا: لِمَنْ؟ قَالَ: «لِلَّهِ وَلِكِتَابِهِ وَلِرَسُولِهِ وَلِأَئِمَّةِ الْمُسْلِمِينَ وَعَامَّتِهِمْ».

अर्थः दीन (धर्म) उपदेश अथवा भलाइको नाम हो । त हामी सबैले सोध्यौं कि यो कसको लागि? उहाँ (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: अल्लाह, अल्लाहको किताब, उहाँको रसूल, मुसलमान समुदाय र साधारण मानिसहरूको लागि । (मुस्लिमः ५५)

हाकिमको रहस्य र गोप्य कामहरूको पछी पर्नु उचित छैन न त उसको व्यक्तित्व अथवा सम्मानको बेइज्जत गर्नु । न उसका कमी कमजोरीहरूलाई प्रचार–प्रसार गर्नु सही हो। बरु त्यसलाई (एकान्तमा) व्यक्तिगतरुपमा सदोपदेश गरियोस् । यदि शासकले जनताहरूको लागि शरीअतको विरुद्ध कुनै कानुन लागुगर्छ र त्यसको गवाही दिन्छ, त्यसबारेमा कसैलाई जानकारी छ र यदि जानकार व्यक्तिले उसलाई यसको बारेमा एकान्तमा सम्झाउँछ वा जानकारी दिन्छ भने ऊ त्यसबाट फर्कन अथवा शरीअतको विपरीत लागु गरिएको कानुन फेर्न सक्छ र फेरी आफ्नो कर्मलाई सुधार गर्नसक्छ, त त्यसको लागि यही गरियोस्। यदि ऊ सुध्रिने जस्तो लाग्दैन भने जनताहरूको सामु त्यसको विधान विरोधी कर्म स्पष्ट गरियोस्, किनकि यो उनीहरूको भलाईको लागि अनिवार्य छ। यो हाकिमको र ती सम्पूर्ण मानिसहरूको धार्मिक अधिकार पनि हो । ताकि शरीअत (धार्मिक नियम) मा बदलाव र धर्ममा बदलाव नहोस् ।

«لِلَّهِ وَلِكِتَابِهِ وَلِرَسُولِهِ وَلِأَئِمَّةِ الْمُسْلِمِينَ وَعَامَّتِهِمْ».

"अल्लाह, अल्लाहको किताब, उहाँको रसूल, मुसलमान समुदाय र

साधारण मानिसहरूको लागि।" हदीसको अर्थ र उद्देश्य पनि यही हो। यो अरूको अधिकारको लागि जानकार व्यक्तिको जिम्मेदारी पनि हो।

आलिम (विद्वान) ले स्वयं मानिसहरूको मामिला र उनीहरूको भलाईको काममा अलग हुने कोसिस नगरुन्। किनकि दुनियाँमा अल्लाहवाला तथा अल्लाहको प्यारो भक्त त्यो हो जो अल्लाहको प्रसन्नताको लागि खास होस्। रहयो कुरा मानिसहरूको सांसारिक अधिकार प्राप्तिको त त्यस समय विद्वानको लागि अल्लाहवाला बनेर सामाजिक कुराहरूबाट टाढा रहनु प्रशंसनिय होइन बरु पिडीतहरूको निम्ति केही पैसा ल्याउनु र त्यसलाई सहायता गर्नु अनिवार्य छ र एक दुई खजुर या त्यसतै अन्य माध्यमले भएपनि भोकाहरूलाई खाना खुवाउनु पनि उनको लागि अनिवार्य छ। किनकि आलिम (विद्वान) लाई दुनियाँमा जिम्मेदार अथवा उत्तराधिकारीको पदवी प्राप्त छ। विद्वानहरू मानिसहरूको सांसारिक मामिलाको सुधार धर्मको मामिलाहरूमा सुधारको ढोका हुन्। सन्देष्टा सल्लल्लाहु अलैहि वसल्लमले सांसारिक खजाना वा दौलतको लागि आफ्नो आवाज उठाउनुभएको थिएन। मानिसहरूको धार्मिक र सांसारिक मामिलाहरू को साथसाथै बरीरह (युद्धमा बन्दी बनाइएकि एक महिलाको नाम) र उनी जस्तै अरुलाई पनि मद्दत गर्नुभयो, गलतको विरूद्ध आवाज उठाउनुभएको थियो अनि मानिसहरूलाई यसबारेमा आफ्नो प्रवचनद्वारा जानकारी दिनुभएको थियो।



# अध्यायः– १३
# जिहाद (धर्मयुद्ध)

कयामतको घटना घटने समय सम्म जिहाद (असत्यको विरूद्ध संघर्ष र युद्द) चलिरहने छ र कुर्आन बाँकी रहँदासम्म यस धर्तीबाट एक दिनको लागि पनि यसको आदेश रद्द हुनेछैन। जाबिर रजिअल्लाहु अन्होले बयान गर्नुभएको कि अल्लाहको नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो:

**«لا تَزَالُ طَائِفَةٌ مِنْ أُمَّتِي يُقَاتِلُونَ عَلَى الْحَقِّ ظَاهِرِينَ إِلَى يَوْمِ الْقِيَامَةِ»**.

अर्थः "मेरो अनुयायीहरूको एक समूह सधै सत्यताको लागि लडदै रहनेछ र ऊ कयामतको समयसम्म उनीहरूमाथि विजयी नै रहनेछ।" (मुस्लिमः १५६)

मात्र दुख कष्टलाई हटाउन या त्यसको निवारण गर्नको लागि यस्ता किसिमका जिहादमा न त त्यस समयको ईमाम (मार्गदर्शक) को आवश्यकता छ न त नियत गर्नु नै शर्त छ। बरु यदि इज्जतको सुरक्षा, ज्यान र मालको सुरक्षा आदिको मामिला छ भने त्यस समय यो जिहाद अनिवार्य छ। जस्तै कि हदीसमा छ:

**«مَنْ قُتِلَ دُونَ مَالِهِ فَهُوَ شَهِيدٌ،وَمَنْ قُتِلَ دُونَ أَهْلِهِ، أَوْ دُونَ دَمِهِ، أَوْ دُونَ دِينِهِ، فَهُوَ شَهِيدٌ»**. (رواه أبو داود: ٤٧٧٢، والترمذي: ١٤٢١، والنسائي: ٤٠٩٥، وابن ماجه: ٢٥٨٠ مختصرا. قال الترمذي: هذا حديث حسن. وهو في الصحيح مختصر، صحيح البخاري: ٢٣٤٨، وصحيح مسلم: ١٤١، من حديث عبد الله بن عمرو رضي الله عنهما).

अर्थः "जो आफ्नो धन सम्पती बचाउनको लागि मारिन्छ ऊ शहीद हो र जो आफ्ना बाल बच्चाहरूको बचाउ गर्दा मारिन्छ या आफ्नो ज्यान तथा धर्म को बचाउ गर्दा गर्दै मारिन्छ, त्यो शहीद हो। (अबूदाउद:

४७७२ तिर्मिजी: १४२१, नसाई: ४०८५, इब्ने माजा: २५८०, इमाम तिर्मिजीले यो हदीसलाई हसन भनेका छन् । यो हदीस मुख्तसरन सहीहैनमा छ, यसका बयानकर्ता अब्दुल्लाह बिन अम्र रजिअल्लाहु अन्हुमा, बुखारी: २३४८, मुस्लिम: १४१))

त्यसतै बुखारी र मुस्लिमको हदीसमा पनि छोटकरीमा बयान भएको छ: इज्जत, ज्यान, माल आदिमाथि हमला गर्नेहरुबाट बचाउ गर्नु अनिवार्य छ । चाहे त्यो हमला गर्ने व्यक्ति मुसलमान होस् या मुश्रिक। नसाईमा काबुसको बुबा मुखारिकद्वारा बयान छ, उनले भनेका छन्:

جَاءَ رَجُلٌ إِلَى النَّبِيِّ ﷺ، فَقَالَ: الرَّجُلُ يَأْتِينِي يُرِيدُ مَالِي؟ قَالَ: «**ذَكِّرْهُ بِاللهِ**»، قَالَ: فَإِنْ لَمْ يَذَّكَّرْ؟ قَالَ: «**فَاسْتَعِنْ عَلَيْهِ مَنْ حَوْلَكَ مِنَ الْمُسْلِمِينَ**»، قَالَ: فَإِنْ لَمْ يَكُنْ حَوْلِي أَحَدٌ مِنَ الْمُسْلِمِينَ؟ قَالَ: «**فَاسْتَعِنْ عَلَيْهِ السُّلْطَانَ**»، قَالَ: فَإِنْ نَأَى السُّلْطَانُ عَنِّي؟ قَالَ: «**قَاتِلْ دُونَ مَالِكَ؛ حَتَّى تَكُونَ مِنْ شُهَدَاءِ الآخِرَةِ، أَوْ تَمْنَعَ مَالَكَ**». (رواه النسائي: ٤٠٨١، وابن أبي شيبة: ٢٨٠٤٣، وأحمد: ٢٢٥١٤، والطبراني في الكبير: ٢٠/٣١٣).

अर्थ: एक जना मानिस रसूल सल्लल्लाहु अलैहि वसल्लमको पासमा आएर भन्यो: एउटा मान्छे मेरो पासमा आउँछ र मेरो धन–सम्पति लुटन चाहन्छ, (त म के गरुँ?) उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: "अल्लाहको वास्ता दिएर त्यसलाई सदोउपदेश देऊ ।"त्यो व्यक्तिले भन्यो यदि उसले उपदेश स्वीकार गरेन भने के गरुँ? त उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: उसको विरुद्धमा आसपासका मुसलमानहरूसँग सहायता माग । त्यस व्यक्तिले भन्यो यदि मेरो आसपासमा मुसलमानहरू छैनन् भने के गरुँ? फेरि नबी सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: त्यहाँको बादशाह (शासक) सँग सहायता माग । त्यस व्यक्तिले भन्यो, यदि बादशाहले मेरो कुरा सुनेन (मद्दत गरेन) भने के गरुँ? उहाँ सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभयो: आफ्नो माल बचाउनको लागि त्यस व्यक्तिसँग युद्ध गर, तबसम्म लड या त तिमी शहीद होऊ या आफ्नो माल बचाएर लैजाऊ । (निसाई ४०८१, इब्ने अबी शैबा: २८०४३, मुस्नद अहमद: २२५१४, तबरानी कबीर: २०/३१३)

उपरोक्त जिहादमा अल्लाहको कलिमाको बुलन्दीको तथा सच्चाइको



विजयको नियत गर्नु अनिवार्य छ । अबू मुसा अशअरी रजिअल्लाहु अन्हुद्वारा वर्णित हदीसमा छ एक जना गाउँको मान्छे अल्लाहको नबी सल्लल्लाहु अलैहि वसल्लमको पासमा आयो र भन्यो:

يَا رَسُولَ اللهِ! الرَّجُلُ يُقَاتِلُ لِلْمَغْنَمِ، وَالرَّجُلُ يُقَاتِلُ لِيُذْكَرَ، وَالرَّجُلُ يُقَاتِلُ لِيُرَى مَكَانُهُ، فَمَنْ فِي سَبِيلِ اللهِ؟ فَقَالَ رَسُولُ اللهِ ﷺ: «**مَنْ قَاتَلَ لِتَكُونَ كَلِمَةُ اللهِ أَعْلَى، فَهُوَ فِي سَبِيلِ اللهِ**». (رواه البخاري: ١٢٣، ٢٦٥٥، ومسلم: ١٩٠٤)

अर्थ: "ए अल्लाहको रसूल ! एउटा व्यक्ति गनिमतको माल (युद्धबाट मिल्ने माल) को लागि युद्ध गर्दछ, दोस्रो व्यक्ति मानिसहरूमा चर्चित हुनलाई युद्ध गर्दछ अनि तेस्रो व्यक्ति आफ्नो प्रतिभा देखाउनको लागि लडाइ गर्दछ त यीमध्ये कुन वास्तवमै अल्लाहको मार्गमा जिहाद गर्ने व्यक्ति हो? त उहाँ सल्लल्लाहु अलैहि वसललमले भन्नुभयो: जसले अल्लाहको आदेशको उच्चता तथा महानताको लागि लडाइ गर्छ, त्यो वास्तवमै अल्लाहको मार्गमा जिहाद गर्ने व्यक्ति हो ।" (बुखारी: १२३, २६५५, मुस्लिम: १९०४)

यस किसिमको जिहादको लागि तत्कालिन समयको ईमाम अनुसरण अनिवार्य छ। इमामको कुरा सुन्नुपर्छ र अल्लाहको अवज्ञा नहुने काममा आज्ञापालन गर्नुपर्छ । यस कुराको प्रमाण अबू हुरैरा रजिअल्लाहु अन्हुद्वारा वर्णित हदीसबाट मिल्छ । अल्लाहको रसूलले भन्नुएको छ:

«**مَنْ أَطَاعَنِي فَقَدْ أَطَاعَ اللَّهَ، وَمَنْ عَصَانِي فَقَدْ عَصَى اللَّهَ، وَمَنْ أَطَاعَ أَمِيرِي فَقَدْ أَطَاعَنِي، وَمَنْ عَصَى أَمِيرِي فَقَدْ عَصَانِي**». (بخاري: ٦٧١٨، ومسلم: ١٨٣٥)

अर्थ: "जसले मेरो अनुसरण गर्यो, उसले निःसन्देह अल्लाहको अनुसरण गर्यो र जसले मेरो अवज्ञा गर्यो, उसले निःसन्देह अल्लाहको अवज्ञा गर्यो । अनि जसले मेरो अमीरको अनुसरण गर्यो उसले मेरो अनुसरण गर्यो र जसले मेरो अमीरको अवज्ञा गर्यो, उसले मेरो अवज्ञा गर्यो ।" (बुखारी: ७१३७, मुस्लिम: १८३५)

# अध्यायः– १४
# सहाबा रजिअल्लाहु अन्हुम

अम्बिया (नबीहरू) अलैहिमुस्सलाम पश्चात मानिसहरूमा सबैभन्दा उत्तम व्यक्तिहरू मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमका साथीहरू हुन् । जसको महानताको बारेमा अल्लाहको तर्फबाट वही अवतरित भएको छ । अल्लाह तआलाले भन्नुभएको छ:

﴿مُّحَمَّدٌ رَّسُولُ ٱللَّهِۚ وَٱلَّذِينَ مَعَهُۥٓ أَشِدَّآءُ عَلَى ٱلۡكُفَّارِ رُحَمَآءُ بَيۡنَهُمۡۖ تَرَىٰهُمۡ رُكَّعٗا سُجَّدٗا يَبۡتَغُونَ فَضۡلٗا مِّنَ ٱللَّهِ وَرِضۡوَٰنٗاۖ﴾ [الفتح : ٢٩]

अर्थः मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल हुन् र जुन मानिसहरू उनको साथमा छन्, काफिरहरूको लागि कठोर छन् र आपसमा दयालु । तिमीले उनीहरूलाई रुकुअ्मा, सज्दामा अल्लाहको उदार अनुग्रह र उहाँको प्रसन्नता चाहिराखेका देख्नेछौ । (सूरतुल् हुजरात ४९: २९)

अल्लाहका सन्देष्टाहरू (सबैमाथि अल्लाहको दया र शान्ति होस्), एक अर्कामा अलग–अलग श्रेष्ठता तथा महानताको साथमा प्रशंसाका पात्र छन् । त्यसतै अल्लाहका रसूलका साथीहरू (रजिअल्लाहु अन्हुम) पनि एक अर्कामा अलग–अलग श्रेष्ठता तथा प्रशंसाका पात्र छन्। सन्देष्टाहरूमा सबैभन्दा कम दर्जा, श्रेष्ठता वा प्रशंसाका लाएक सन्देष्टा पनि सहाबाहरूमध्ये सबैभन्दा उच्च दर्जाका सहाबाहरूभन्दा उच्च स्थान तथा दर्जाका छन् । त्यसतै कमभन्दा कम दर्जा अथवा श्रेष्ठताका सहाबा उच्चभन्दा उच्च दर्जाका ताबइन (जसले मुहम्मद सल्लल्लाहु अलैहि वसल्लमलाई देखेनन् तर सहाबाहरूलाई देखे र उनीहरूबाट शिक्षा प्राप्त गरे) भन्दा उच्च स्थानका छन् ।

सहाबाहरूमध्ये सर्बश्रेष्ठ सहाबाहरू ती हुन् जो रसूल सल्लल्लाहु अलैहि वसल्लममाथि सबैभन्दा पहिले ईमान ल्याए, किनकि रसूल सल्लल्लाहु अलैहि वसल्लमको कमजोरी समय अथवा त्यो समय जसमा उहाँको कोही मद्दतगार थिएन, त्यसतो समयमा उहाँमाथि ईमान ल्याए, ती उनीहरूभन्दा उच्च दर्जा तथा श्रेष्ठताका छन् जो रसूल सल्लल्लाहु अलैहि वसल्लमको ताकतको समयमा ईमान ल्याए। त्यसतै जो मक्का बिजयभन्दा पहिले ईमान ल्याए ती उनीहरूभन्दा उच्च दर्जाका छन् जो मक्का बिजयभन्दा पछि ईमान ल्याए । अल्लाहले यस विषयमा भन्नुभएको छ:

﴿لَا يَسْتَوِي مِنكُم مَّنْ أَنفَقَ مِن قَبْلِ الْفَتْحِ وَقَاتَلَ ۚ أُولَٰئِكَ أَعْظَمُ دَرَجَةً مِّنَ الَّذِينَ أَنفَقُوا مِن بَعْدُ وَقَاتَلُوا﴾ [الحديد : ١٠]

अर्थः "तिमीहरूमध्ये जुन व्यक्तिले (मक्काको) विजयभन्दा पहिले खर्च गरे र लडाई गरे, उनीहरू अरुको समान हुन सक्दैनन् । उनीहरूको दर्जा ती मानिसहरूभन्दा बढी छ, जसले पछि खर्च गरे र धर्मयुद्ध गरे ।" (सूरह अल्–हदीद: १०)

तैपनि मक्का विजय पछि ईमान ल्याउने सहाबाहरू पहिले ईमान ल्याउने सहाबाहरू जस्तै सहाबा हुनुमा र आस्थावान हुनुमा बराबर छन् । त्यसकारण अल्लाह तआलाले यिनीहरूको चर्चा यस आयातमा गर्नुभएको छ ।

﴿وَكُلًّا وَعَدَ اللَّهُ الْحُسْنَىٰ ۚ وَاللَّهُ بِمَا تَعْمَلُونَ خَبِيرٌ﴾ [الحديد: ١٠]

अर्थः "हो अल्लाहले सबैलाई भलाइको बचन दिनुभएको छ अनि जुन काम तिमीले गर्दछौ अल्लाह त्यसलाई जान्नुहुन्छ ।" (सूरह अल्-हदीद:१०)

अर्को आयतमा अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَالسَّابِقُونَ الْأَوَّلُونَ مِنَ الْمُهَاجِرِينَ وَالْأَنصَارِ وَالَّذِينَ اتَّبَعُوهُم بِإِحْسَانٍ رَّضِيَ اللَّهُ عَنْهُمْ وَرَضُوا عَنْهُ﴾ [التوبة : ١٠٠]



अर्थः "र जो मुहाजिरहरू तथा अन्सारहरू (प्रवासी र मदीनाका सहयोगी सहाबाहरू) सत्यमार्गमा अग्रसरता देखाएका छन् अनि जसले साथमा रही तिनीहरूको अनुसरण गरे, अल्लाह तिनीहरूसित प्रसन्न हुनुहुन्छ र तिनीहरू पनि अल्लाहसँग प्रसन्न छन् ।" (सूरह त्तौबा: १००)

पहिलो दर्जा प्राप्तगर्ने श्रेष्ठ सहाबाहरू : श्रेष्ठतामा सबैभन्दा अगाडी ती भाग्यशाली दश सहाबाहरू छन्, जसलाई यस संसारमै स्वर्गको शुभसूचना दिइएको थियो, फेरि ती दश सहाबाहरूमध्ये श्रेष्ठ चार खलिफा (शासक) हरू हुन् । ती दश सहाबाहरू पश्चात श्रेष्ठ बदरका शहिदहरू हुन्, तिनीहरू पश्चात उहुदका शहिदहरू, फेरि तिनीहरू पश्चात सुलह हुदैबिया (हुदैबिया सम्झौता) को समयमा रुखको मुनि अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमसँग बैअत (प्रतिवद्धता) गर्नेहरू हुन् । जस्तै कि अल्लाह तआलाले भन्नुभएको छ:

﴿لَّقَدْ رَضِيَ اللَّهُ عَنِ الْمُؤْمِنِينَ إِذْ يُبَايِعُونَكَ تَحْتَ الشَّجَرَةِ فَعَلِمَ مَا فِي قُلُوبِهِمْ فَأَنزَلَ السَّكِينَةَ عَلَيْهِمْ وَأَثَابَهُمْ فَتْحًا قَرِيبًا﴾ [الفتح : ١٨]

अर्थः "निश्चय नै अल्लाह मोमिनहरूसित प्रसन्न हुनुभयो, जब उनीहरू वृक्षमुनि उहाँ (सल्लल्लाहु अलैहि वसल्ल) सँग बैअत गरिरहेका थिए। उहाँ (अल्लाह) ले त्यो कुरालाई थाहा पाइहाल्नुभयो, जुन कुराहरू उनीहरूको हृदयमा थिए । अतः उनीहरूलाई उहाँले शान्ति प्रदान गर्नुभयो अनि उनीहरूलाई शिघ्र नै विजय प्रदान गर्नुभयो ।" (सूरह अल्-फत्ह: १८)

जाबिर रजिअल्लाहु अन्हुले बयान गर्नुभएको छः अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले रुखको मुनि बैअत गर्नेहरूसित भन्नुभयो: «أَنْتُمْ خَيْرُ أَهْلِ الأَرْضِ».

अर्थः तिमीहरू यस धर्तीका श्रेष्ठ व्यक्तिहरू हौ । (बुखारी ४१५४) उनीहरूको संख्या १४०० थियो ।

सहाबाहरू रजिअल्लाहु अन्हुम् सबैभन्दा पहिले अल्लाहको

वाणीलाई आफ्नो व्यवहारमा लागु गर्ने र अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमबाट दीन इस्लामलाई नकल गर्ने व्यक्ति थिए । सहाबाहरूलाई नमान्नु या उहाँहरूमाथि विश्वास नगर्नु इस्लाम दीनको सनद (प्रमाण) लाई मेटाउनु हो र रसूल सल्लल्लाहु अलैहि वसल्लमको पवित्र सुन्नतहरूमाथि शंकाको ढोका खोल्नु हो । किनकि रसूल सल्लल्लाहु अलैहि वसल्लम पश्चात ती सबैभन्दा उत्तम दीनको सुरक्षक थिए । अल्लाहको रसूल सल्लल्लाहु अलैहि वसल्लमले भन्नुभएको छ:

**«أَصْحَابِي أَمَنَةٌ لأُمَّتِي، فَإِذَا ذَهَبَ أَصْحَابِي، أَتَى أُمَّتِي مَا يُوْعَدُونَ»**. (رواه مسلم: ٢٥٣١).

अर्थः मेरा साथीहरू (सहाबाहरू) मेरो उम्मतको संरक्षक हुन्, जब उनीहरू जानेछन् त मेरो उम्मतमा त्यस्ता चिजहरू (फसाद, बिदअत आदि) ले प्रवेश गर्नेछन् जसको बारेमा यिनीहरूसँग वादा गरिएको छ। (मुस्लिम: २५३१)

सहाबाहरू (रजिअल्लाहु अन्हुम) पूर्णरुपमा गल्ती मुक्त त थिएनन्, तर तिनीहरूको साधारण गल्तीलाई आधार बनाएर तिनीहरूलाई आरोप प्रत्यारोप निशानी बनाउनु उचित छैन र उनीहरूको बीचमा भएका केही मतभेदहरूलाई बढाइ–चढाइ गरि उछाल्ने काम गर्नबाट बच्नु अनिवार्य छ । त्यसैले यसबारेमा व्याख्या र समझदारीको दृष्टिकोणले त्यसबाट शिक्षा तथा उपदेश प्राप्त गर्ने धारणाले उनीहरूको जोश, मेहनत, इज्जत र श्रेष्ठतालाई मध्यनजर राख्दै त्यस सम्बन्धमा कुराकानी गर्नसक्छौं । सहाबाहरू आपसमा केही मतभेदहरू हुँदाहुँदै पनि पराइहरूको मामिलामा एकमत हुनुमा पनि श्रेष्ठ दर्जाका छन् । किनकि यो दर्जा अल्लाह तआलाले रसूल सल्लल्लाहु अलैहि वसल्लमको संगत र सहयोगको कारण प्रदान गर्नुभएको छ । यो यसकारण होइन कि उनीहरू एक आपसमा साथमा रहन्छन् । उनीहरूको आपसी मतभेदहरू इजतेहाद (धर्मको बारेमा अल्लाहको आदेशको जानकारी पाउन गरेको कोसिस) को कारणले हो । जुन कोसिसको



उनीहरू अल्लाहको तर्फबाट पुण्य तथा कृपाले पुरस्कृत हुनेछन्, चाहे उनीहरूबाट यस कोसिसमा गल्ती भएको किन नहोस् । रहयो कुरा रसूल सल्लल्लाहु अलैहि वसल्लमसँग मतभेद गर्नु त यो महाँपाप हो, जसबाट अल्लाह तआलाले उनीहरूलाई मुक्त गर्नुभएको थियो । बरु उनीहरूले रसूल सल्लल्लाहु अलैहि वसल्लमको संगत अपनाए र त्यसलाई अत्यन्तै उत्तम तरिकाले निभाए अनि परिणामस्वरुप उच्च दर्जा तथा सम्मान पाए ।

सहाबाहरू (रजिअल्लाहु अन्हुम) को बीचमा घटने घटना (मतभेद) एक त्यसतो ढोका हो कि यदि त्यसलाई यीमध्ये कुनै एकको लागि खोलिन्छ भने यो ढोका सबै सहाबाहरूको लागि खुल्छ । यही कारण थियो कि सहाबाका शिष्य र शिष्यका पनि शिष्यहरुले सहाबाहरूको बीचमा घटेका घटनाहरू र मतभेदको बारेमा केही बोल्दैनथे । जब उमर बिन् अब्दुल् अजीज रहिमहुल्लाहसँग अली र उस्मान रजिअल्लाहु अन्हुमाको विषयमा र जमल नामको लडाइ र सफीन लडाइ अनि उनीहरूको बीचमा भएको मतभेदको बारेमा प्रश्न गरियो त उनले भने: त्यो एउटा रक्तपात थियो जसबाट अल्लाहले हाम्रो हातलाई रोक्नुभयो र म यो चाहँदैन कि अब यस बारेमा आफ्नो मुख खोलुँ । (अत्तबकात अल्–कबरी इब्ने साअद ५/३९४, तारिख दमिश्क इब्ने असाकिर ६५/१३३)

कयामतको दिन सहाबाहरूको मतभेदको बारेमा उनीहरू पश्चातका मुसलमानहरूसित एक रति पनि सोधपुछ हुनेछैन । बरु उनीहरूको श्रेष्ठताप्रति विश्वास र सम्मानको बारेमा अवश्य सोधपुछ हुनेछ ।

# अध्यायः– १५
# बिना प्रमाण कुफ्रको फतवा (आदेश) लगाउने सम्बन्धमा

कुफ्र बाहेक कुनै अन्य गल्ती वा पाप गरेमा कुनै पनि मुस्लिमलाई काफिर भन्न मिल्दैन । कुफ्रका केही रुपहरू यसप्रकार छन्–

अल्लाहलाई गाली गर्नु कुफ्र हो:

अल्लाहको बारेमा गलत कुराहरू भन्नु या गाली गर्नु शिर्कभन्दा पनि ठूलो पाप हो । किनकि शिर्क गर्ने व्यक्तिले अल्लाहलाई ढुंगा सरह सम्झंदैन, बरु ढुंगालाई अल्लाहको बराबरीमा लैजान्छ या अल्लाहसम्म पुग्ने साधन सम्झन्छ । अल्लाह तआलाले कयामतको दिन उनीहरूले भन्ने कुराको नक्कल गर्दै भन्नुभएको छ:

﴿ تَٱللَّهِ إِن كُنَّا لَفِي ضَلَٰلٖ مُّبِينٍ ٩٧ إِذۡ نُسَوِّيكُم بِرَبِّ ٱلۡعَٰلَمِينَ ﴾ [الشعراء: ٩٧ – ٩٨]

अर्थः अल्लाहको कसम ! “हामी त खुल्लारुपमा मार्गबिचलित थियौं।” जबकि हामीले तिमीलाई ब्रम्हाण्डको स्वामीको बराबर ठान्दथ्यौं । (सूरह अश्शुअरा: ९७, ९८)

जसले अल्लाहलाई गाली गर्छ उसले त अल्लाहलाई ढुंगाभन्दा पनि तल्लो स्तरमा झार्छ । अल्लाहलाई गाली गर्नु ठूलो कुफ्र हो । ईमान जस्तै कुफ्रमा पनि घटबढ हुन्छ । अल्लाह तआलाले भन्नुभएको छ:

﴿إِنَّمَا ٱلنَّسِيٓءُ زِيَادَةٞ فِي ٱلۡكُفۡرِۖ﴾ [التوبة: ٣٧]

अर्थः “महिनाहरूलाई अगाडी पछाडी पार्नु कुफ्रमा एउटा वृद्धि हो ।” (सूरह त्तौबा: ३७)

अर्को ठाउँमा अल्लाह तआलाले भन्नुभएको छ:

﴿إِنَّ ٱلَّذِينَ كَفَرُواْ بَعۡدَ إِيمَٰنِهِمۡ ثُمَّ ٱزۡدَادُواْ كُفۡرٗا لَّن تُقۡبَلَ تَوۡبَتُهُمۡ وَأُوْلَٰٓئِكَ هُمُ ٱلضَّآلُّونَ﴾

[آل عمران: ٩٠]

अर्थः "निःसन्देह जुन मानिसहरू ईमान ल्याएपछि काफिर (अवज्ञाकारी) भए अनि कुफ्र तर्फ बढदै गए । तिनीहरूको प्रायश्चित कहिल्यै स्वीकार गरिने छैन र ती मानिसहरू नै पथभ्रष्ट हुन् ।" (सूरह आले–इम्रान: ९०)

स्मरण रहोस् कि कुफ्र सानो होस् या ठूलो, कुफ्रको कारणले कुफ्र गर्ने व्यक्तिलाई नर्कबाट निकालिने छैन । अल्लाहको मर्जीले उसको यातना कम या ज्यादा हुन सक्छ। जसको बारेमा अल्लाह तआलाले भन्नुभएको छ:

﴿ٱلَّذِينَ كَفَرُواْ وَصَدُّواْ عَن سَبِيلِ ٱللَّهِ زِدۡنَٰهُمۡ عَذَابٗا فَوۡقَ ٱلۡعَذَابِ بِمَا كَانُواْ يُفۡسِدُونَ﴾

[النحل:٨٨]

अर्थः "जुन मानिसहरूले कुफ्र गरे र अल्लाहको बाटोबाट रोके, हामीले उनीहरूलाई सजाय माथि सजाय दिंदै जानेछौं, उनीहरूको उद्दण्डताको कारणले यो उनीहरूको लागि बदला हुनेछ ।" (सूरह अन्–नहल १६: ८८)

हामीले आफूले देखेको आधारमा कसैलाई स्वर्गबासी या नर्कबासी भन्न सक्दैनौं या यस किसिमको गवाही दिन सक्दैनौं । मात्र तिनीहरूको बारेमा गवाही दिन सक्छौं जसको बारेमा अल्लाह र अल्लाहको रसूलले गवाही दिनुभएको छ । हामी यो गवाही दिन्छौं कि जो मोमिन भएर मर्यो त्यो स्वगबासीहरू मध्येको हो र जो काफिर भएर मर्यो त्यो नर्कबासीहरू मध्येको हो ।



# अध्याय:– १६
# हुर्रियत (स्वतन्त्रता)

असत्य चिजहरूको उपासनाबाट हटेर मात्र एक सत्य पूज्य अल्लाह तआलाको भक्ति गर्नु र उहाँको आज्ञापालन गर्नु नै वास्तविक हुर्रियत हो । हुर्रियत अथवा स्वतन्त्रताको अर्थ– अल्लाहको आदेशबाट स्वतन्त्र हुनु होइन, यस्तो गर्नु त आफ्नो इच्छा पूजा र मनमानि हो । अल्लाह तआलाले भन्नुभएको छ:

﴿أَفَرَءَيۡتَ مَنِ ٱتَّخَذَ إِلَٰهَهُۥ هَوَىٰهُ وَأَضَلَّهُ ٱللَّهُ عَلَىٰ عِلۡمٖ وَخَتَمَ عَلَىٰ سَمۡعِهِۦ وَقَلۡبِهِۦ وَجَعَلَ عَلَىٰ بَصَرِهِۦ غِشَٰوَةٗ فَمَن يَهۡدِيهِ مِنۢ بَعۡدِ ٱللَّهِۚ أَفَلَا تَذَكَّرُونَ﴾ [الجاثية: ٢٣]

अर्थः "के तिमीले त्यस व्यक्तिलाई पनि देख्यौ? जसले आफ्नो मनोकांक्षालाई आफ्नो पूज्य बनाएको छ । सुझबुझ हुँदा–हुँदै पनि अल्लाहले उसलाई मार्गबिचलनमा पार्नुभयो । उसको कान र हृदयमाथि ठप्पा लगाइदिनु भयो अनि उसको आँखामाथि आवरण हालिदिनुभयो। अब अल्लाहबाहेक अरु कसले उसलाई मार्गमा ल्याउन सक्छ? के तिमीले शिक्षा ग्रहण गर्दैनौं?" (सूरह अल्–जासिया: २३)

जसले मानिसको लागि यो उचित गरिदिन्छ कि मानिसले जो चाहन्छ गरोस् र जो चाहन्छ भनोस्, अनि जस्तो चाहन्छ र जब चाहन्छ आफ्नो मर्जीले काम गरोस्। त मानौं उसले आफ्नो इच्छा र आफ्नो पासमा भएको शैतानको उपासना अथवा भक्ति गर्यो । वास्तवमै मानिस उपासना (बन्दगी) को लागि बनाइएको बन्दा हो । तसर्थ यदि ऊ अल्लाहको भक्ति गर्दैन भने अल्लाह बाहेकको भक्ति गरी कसै न कसैको दास अवश्य बन्छ, यस बाहेक अरु कुनै बिकल्प नै छैन ।

यदि यो पुरै धरतीमा कुनै एकजना मात्र मानिस हुन्थ्यो भने अल्लाह

तआलाले त्यसमाथि हत्या, आरोप तथा व्यभिचार आदिको कानुनी सीमा लागु गर्नु हुँदैनथ्यो, न गुप्तांगहरू तथा गलत चिजहरूबाट आफ्नो दृष्टि तल गर्ने, सम्पति बाँटफाँट गर्ने आदिको आदेश नै दिनुहुन्थ्यो, न त्यसमाथि व्यभिचार, ब्याज या यस्तै अन्य कैयौं चिजहरूलाई अवैध गरिदिनु हुन्थ्यो । यी नियम र कानुन व्यक्ति एक्लो नभइ त्यससँग सम्बन्धित सामाजिक तथा लैंगिक अन्य चिजहरू भएको कारणले नै हो । त जब पनि उनीहरूको संख्यामा बढोत्तरी हुन्छ जिन्दगीका यी नियम तथा कानुनहरूमा पनि बढोत्तरी हुन्छ । त्यस्तै यदि आकाशमा चन्द्रमा एक्लो हुन्थ्यो भने अल्लाह तआलाले उसलाई एक निश्चित नियम तथा परिधिमा घुम्नेवाला बनाउनु हुँदैनथ्यो । यो उसको घुम्ने प्रकृया यसकारणले छ कि उसको साथमा यस ब्रम्हाण्डमा सुर्य, ताराहरू तथा पृथ्वी पनि छन्, तिनीहरूसँग आफ्नै कक्षमा बलियोसँग रहनको लागि अल्लाहले त्यस नियममा बाँध्नुभयो । आकाशमा जति-जति संख्या बढ्छ त्यसको नियमहरू पनि धेरै हुन जान्छन् । अल्लाह तआलाले भन्नुभएको छ:

﴿يُغۡشِي ٱلَّيۡلَ ٱلنَّهَارَ يَطۡلُبُهُۥ حَثِيثٗا وَٱلشَّمۡسَ وَٱلۡقَمَرَ وَٱلنُّجُومَ مُسَخَّرَٰتِۭ بِأَمۡرِهِۦٓۗ أَلَا لَهُ ٱلۡخَلۡقُ وَٱلۡأَمۡرُۗ تَبَارَكَ ٱللَّهُ رَبُّ ٱلۡعَٰلَمِينَ﴾ [الأعراف: ٥٤]

अर्थः "उहाँ (अल्लाह) ले नै रातबाट दिनलाई यसरी ढाकिदिनु हुन्छ कि दिन रातीको पछि दोडेर आउँछ । अनि सुर्य, चन्द्रमा, ताराहरूलाई यसरी सृष्टि गर्नुभयो कि सबै उहाँकै आदेशको अधिनमा हुन्छन् । हेर ! सम्पूर्ण सृष्टि उहाँकै हो । अल्लाह सर्वगुण सम्पन्न अनि सम्पूर्ण ब्रम्हाण्डको पालनकर्ता हुनुहुन्छ ।" (सूरह अल्-आराफ: ५४)

अर्को ठाउँमा भन्नुभएको छ:

﴿لَا ٱلشَّمۡسُ يَنۢبَغِي لَهَآ أَن تُدۡرِكَ ٱلۡقَمَرَ وَلَا ٱلَّيۡلُ سَابِقُ ٱلنَّهَارِۚ وَكُلّٞ فِي فَلَكٖ يَسۡبَحُونَ﴾ [يس: ٤٠]

अर्थः "न सुर्यबाट नै यो हुनसक्छ कि उसले चन्द्रमालाई गएर समाति हालोस् र रात नै दिनभन्दा पहिला आउन सक्छ । अनि सबै आफ्ना परिधमि आकाशमा घुमिराखेका छन् ।" (सूरह यासीन: ४०)



सांसारिक र धार्मिक मामिलाहरूलाई सही तथा बलियो बनाउनको लागि इस्लामका आदेशहरू तथा विधानहरू आएका छन् । जस कसैले पनि अल्लाहको आदेशबाट हटेर रहन आफ्नो लागि उचित ठान्यो, ऊ अल्लाहको यातनाको भागिदार बन्यो ।

इस्लाममा प्रवेश गर्नु अनिवार्य छ तथा यसमा भलाई छ र इस्लामबाट बाहिर निस्कनु या छोडनु आफैमा अत्याचार हो । किनकि इस्लाममा प्रवेश गर्नाले संसारमा ज्यान र मालको सुरक्षाको जमानत मिल्छ अनि इस्लामको नियममा चलेमा परलोकमा सदा सदाको लागि स्वर्ग मिल्छ। त्यसैले अल्लाह तआलाले भन्नुभएको छ:

﴿وَمَن يَرۡتَدِدۡ مِنكُمۡ عَن دِينِهِۦ فَيَمُتۡ وَهُوَ كَافِرٞ فَأُوْلَٰٓئِكَ حَبِطَتۡ أَعۡمَٰلُهُمۡ فِي ٱلدُّنۡيَا وَٱلۡأٓخِرَةِۖ وَأُوْلَٰٓئِكَ أَصۡحَٰبُ ٱلنَّارِۖ هُمۡ فِيهَا خَٰلِدُونَ﴾ [البقرة: ٢١٧]

अर्थः "तिमीहरूमध्ये जो पनि इस्लाम धर्मबाट विचलित भई अनास्थावान हुन्छन् र सोही अवस्थामा मर्दछन् त यस्ता मानिसहरूका सांसारिक र पारलौकिक सबै कर्महरू नष्ट भएर जानेछन् । अनि यी मानिसहरू नर्कबासी हुनेछन्, त्यसमा सधै रहनेछन् ।" (सूरह अल्–बकरह: २१७)

अल्लाहको उपासना नै मानवको सृष्टि र उसको अस्तित्वको वास्तविक उद्देश्य हो । त्यसैले जसले यसबाट हटनुलाई उचित मान्छ त मानौ कि उसको यो आस्था छ कि उपासना सृष्टि र अस्तित्वको उद्देश्य होइन । त अब बताउनुहोस् कि सरकारी कानुन तथा नियमको पालना नगर्नु गलत सम्झन्छ र अल्लाहको उपासना र भक्तिलाई छोडनु सही सम्झन्छ । यस्तो हुनु कि त हृदयमा मानवको सृष्टि र अस्तित्वको उद्देश्यको ज्ञानको कमीको कारणले हो कि भने हृदयदेखि नै सृष्टिको उद्देश्य समाप्त भएको कारणले हो । जबकि अल्लाह तआलाले स्पष्टरुपमा भन्नुभएको छ:

﴿وَمَا خَلَقۡتُ ٱلۡجِنَّ وَٱلۡإِنسَ إِلَّا لِيَعۡبُدُونِ﴾ [الذاريات: ٥٦]

अर्थः "मैले जिन्नात र मानवहरूलाई मात्र यसकारणले सृष्टि गरेको हुँ कि उनीहरू मात्र मेरो उपासना गरुन् ।" (सूरतुज्जारियात ५१: ५६)

जसले जिन्नात र मानवलाई यस संसारमा आफ्नो उपासनाको लागि सृष्टि गरे, उनैले उनीहरूलाई परलोकमा हिसाब, पुण्य र यातनाको लागि फेरि पुनर्जिवीत गर्नेछन्। अल्लाह तआला हाम्रो परिणामको मामिलामा भलाई प्रदान गरुन् ।

و صلى الله و سلم على نبيه ومن اتبع...

अन्त्यमा फेरी अल्लाहको अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि अल्लाहको दया र शान्तिको प्रार्थना गर्दछु साथै उहाँका साथीहरू, परिवार र उहाँको पदमार्गमा चल्ने सबै अनुयायीहरूमा पनि अल्लाहको कृपा सधै रहिरहोस् । आमीन......

IslamHouse.com

IslamHouseNe UChEVLoMT_GLm3beiq_qGTHA/ islamhouse.com/ne/

नेपाली-Nepali--1477142409250575نيبالي/

For more details visit
www.GuideToIslam.com

GUIDE TO ISLAM

contact us :Books@guidetoislam.com

Guidetolslam.org Guidetoislam1 Guidetoislam www.Guidetoislam.com

المكتب التعاوني للدعوة وتوعية الجاليات بالربوة

هاتف : ٩٦٦١١٤٤٥٤٩٠٠+ فاكس : ٩٦٦١١٤٩٧٠١٢٦+ ص ب : ٢٩٤٦٥ الرياض : ١١٤٥٧


ISLAMIC PROPAGATION OFFICE IN RABWAH

P.O.BOX 29465 RIYADH 11457 TEL: +966 11 4454900 FAX: +966 11 4970126

# इस्लामी आस्थाका केही अध्यायहरु

## किताबको संक्षिप्त परिचयः

यो किताब “इस्लामी आस्थाका केही अध्यायहरू” (फुसूल फी अकीदा) सिरियाका केही व्यक्तिहरूको प्रश्नको उत्तर हो . जसलाई शैख अब्दुल् अजीज बिन मर्जूक अत्तरीफीले लेख्नुभएको हो । ईसाईहरूले सिरियामा जबरजस्ती कब्जा गरेपछि त्यहाँ इस्लामको सिद्धान्त र विधि-विधानमा परिवर्तन हुन गयो, परिणाम स्वरूप गलत फिर्काहरू बन्न गई इस्लामी आस्थामा धेरै गडबडी भयो । त्यसैले इस्लामी आस्था सुधारको लागि आस्था (अकीदा) सम्बन्धि विषयवस्तुलाई यस कितामा समावेश गरिएको छ । जस्तैः इस्लाम र ईमानको सही परिभाषा, भक्तमाथि अल्लाहको अधिकार (हक), ईमान र कुफ्रको अर्थ, अल्लाहको विशेषताहरू, कुर्आन अल्लाहको वाणी हो, भाग्यमाथि आस्था, जमाअतसँग सधै जोडिएर रहने, सहाबाहरूको श्रेष्ठता र परलोक सम्बन्धि पनि छोटकरीमा चर्चा गरिएको छ । यो किताबमा अत्यन्तै राम्रो तरिकाले कुर्आन र हदीसको उज्यालोमा प्रमाण प्रस्तुत गरिएको छ ।




IslamHouse.com
Osoul Center
www.osoulcenter.com